मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

डिजिटल प्लेटफर्मबारे संसदीय समितिमा मन्त्री गौतमले गराइन् जानकारी



वर्ष ४ • अंक १८७ • २०८३ साल जेष्ठ १२ गते मंगलबार • Tuesday 26, May 2026 • सूर्योदयः बिहान ०५:१३ बजे • सूर्यास्तः साँझ ०६:५१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेशको अर्थतन्त्रमा अनौपचारिक कारोबारमाथि निर्भर, सुधारका लागि समन्वय आवश्यकः राष्ट्र बैंक




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा हुने अधिकांश आर्थिक कारोबार अझै पनि अनौपचारिक क्षेत्रमा केन्द्रित रहेको नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ । खुला सीमाका कारण हुने अवैध व्यापार, न्यून गुणस्तरका आयातित वस्तु तथा अनौपचारिक कारोबार मधेशको अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा रहेको अध्ययनले औंल्याएको हो। राष्ट्र बैंकले करको दायरा विस्तार, व्यवसाय दर्ता प्रक्रिया प्रभावकारी बनाउने तथा डिजिटल कारोबारलाई प्रोत्साहन गर्न आवश्यक रहेको जनाएको छ।

संघ, प्रदेश र स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी समन्वय गर्न सके मधेश प्रदेशको अर्थतन्त्रमा सुधार आउने केन्द्रीय बैंकको निष्कर्ष छ।

अध्ययनअनुसार आर्थिक वर्ष २०८२\८३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन ८ खर्ब ६३ अर्ब ३३ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ।

यद्यपि प्रदेशको आर्थिक वृद्धिदर भने १.३१ प्रतिशत मात्रै रहने प्रक्षेपण गरिएको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३४.९७ प्रतिशत रहने अनुमान गरिएको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१४ प्रतिशत रहने बताइएको छ । प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन ९३४ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

- **कृषि उत्पादनमा मिश्रित अवस्था**

चालु आर्थिक वर्षको पुससम्म मधेशमा तरकारी तथा बागवानी क्षेत्र विस्तार उल्लेख्य रूपमा बढेको छ । तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफल ४५.२४ प्रतिशतले वृद्धि भएको छ। यद्यपि खाद्य तथा अन्य बालीतर्फ १०.४९ प्रतिशत तथा फलफूल र मसला बालीतर्फ ५.१५ प्रतिशतले क्षेत्रफल घटेको अध्ययनमा उल्लेख छ। उत्पादनतर्फ तरकारी तथा बागवानी उत्पादन ५.२३ प्रतिशत र फलफूल तथा मसला उत्पादन २३.८९ प्रतिशतले बढेको छ भने खाद्य तथा अन्य बालीको उत्पादन १८.१३ प्रतिशतले घटेको छ । पशुजन्य उत्पादनतर्फ दूध उत्पादन ११.०६ प्रतिशत, मासु ३३.९८ प्रतिशत र अण्डा उत्पादन २३.४६ प्रतिशतले वृद्धि भएको छ। माछा उत्पादन पनि ८.०३ प्रतिशतले बढेको छ।

- **कृषि र उद्योग क्षेत्रमा कर्जा विस्तार**

२०८२ पुस मसान्तसम्म मधेश प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ६० अर्ब ९७ करोड रुपैयाँ कर्जा प्रवाह भएको छ, जुन प्रदेशमा प्रवाहित कुल कर्जाको १२.१९ प्रतिशत हो। औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जा २.६७ प्रतिशतले बढेर १ खर्ब २८ अर्ब ४७ करोड रुपैयाँ पुगेको छ । यद्यपि उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा २९.७६ प्रतिशत मात्रै रहेको राष्ट्र बैंकले जनाएको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबाट परिचालित निक्षेप २०.९० प्रतिशतले वृद्धि भई ४ खर्ब २७ अर्ब २७ करोड रुपैयाँ पुगेको छ भने कर्जा प्रवाह २.३९ प्रतिशतले बढेर ५ खर्ब ७ अर्ब रुपैयाँ पुगेको छ।

- **घरजग्गा कारोबार र स्वास्थ्य क्षेत्रमा सुधार**

चालु आर्थिक वर्षको पुससम्म मधेश प्रदेशमा ४८ हजार ९ सय १० घरजग्गा रजिस्ट्रेसन भएको छ । यसबाट २ अर्ब २ करोड रुपैयाँ राजस्व संकलन भएको राष्ट्र बैंकले जनाएको छ । स्वास्थ्य क्षेत्रतर्फ सरकारी तथा सामुदायिक अस्पतालको संख्या २५ प्रतिशतले वृद्धि भएको छ । चिकित्सकको संख्या १६.६७ प्रतिशत तथा शैया संख्या ६.८५ प्रतिशतले बढेको छ। निजी अस्पतालतर्फ पनि अस्पताल, चिकित्सक र शैयाको संख्या क्रमशः ४.७६ प्रतिशत, १५.०२ प्रतिशत र ६.१७ प्रतिशतले वृद्धि भएको छ।

- **राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमै**

मधेश प्रदेशमा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामध्ये निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व–पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं–तराई मधेश द्रुतमार्ग तथा राष्ट्रपति चुरे–तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनकै चरणमा रहेका छन् । तीमध्ये हुलाकी राजमार्गको निर्माण कार्य तुलनात्मक रूपमा तीव्र गतिमा अघि बढिरहेको अध्ययनमा उल्लेख छ। यस्तै, आर्थिक वर्ष २०८२÷८३ को पुस मसान्तसम्म मधेश प्रदेशबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या ८७ हजार ५ सय २० पुगेको छ। यो मुलुकभर श्रम स्वीकृति लिने कुल संख्याको २२.३२ प्रतिशत हो।

## सीमावर्ती बासीहरुलाई खेप्नुपरेको समस्या समाधानको लागि सांसद शाक्यको अग्रसरता



**मधेशदृष्टि**
**वीरगंज।**
एक सय रुपैयाँ भन्दा बढि मुल्यको सामान भारतबाट नेपाल आयत गर्दा सीमावर्ती क्षेत्रका बासिन्दाले शास्ति खेपीरहेको बेला पर्साका एक जना सांसदले स्थानीय सहजीकरणका लागि अग्रसरता देखाएका छन्। पर्सा निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित प्रतिनिधी सभाका सदस्य टेकबहादुर शाक्यले सो अग्रसरता देखाएका हुन्।

क्षेत्र नं. ४ अन्तर्गत भारतसँग जोडिएका सीमावर्ती क्षेत्रका नागरिक अगुवा, स्थानीय जनप्रतिनिधी र सीमा सुरक्षा अधिकारीहरूलाई समेत राखेर संगै राखेर सांसद शाक्यले ठोरी ठाउँपालिका वडा नं. ५ स्थित बाघमोर्चा पोष्टमा समन्वय बैठक सम्पन्न गरे। शाक्यको संयोजनमा भएको बैठकमा दैनिक उपभोग्य तथा अत्यावश्यक सामग्रीको आयतमा देखिएका असहजताबारे स्थानीयका गुनासोलाई मध्येनजर राखि छलफल गरिएको थियो।

विगतमा नै बनेर पनि कार्यन्वयनमा आउन नसकेको उक्त कानुन आज कार्यन्वयन गर्दा, विशेष गरि व्यपारिक प्रयोजन तर्फ कडाई गर्न र सर्वसाधरण उपभेक्ताका लागि व्यावहारिकतालाई हेरेर सहज गरिदिनु पर्ने, सांसद शाक्यको आग्रह थियो।

जनप्रतिनिधिको हैसियतले नागरिकका जायज समस्या र सरोकारलाई सम्बन्धित निकायसम्म पुऱ्याई समाधानका लागि पहल गर्नु आफ्नो दायित्व रहेको भन्दै उनले, सहज आवागमन र दैनिक आवश्यकताको व्यवस्थापनका लागि सकारात्मक पहल गर्ने प्रतिबद्धता जनाए । बैठकमा जिल्ला सशस्त्र प्रहरी बल पर्साका प्रमुख, एसपी मोहन क्षेत्री साथै पर्सा क्षेत्र नं. ४ अन्तर्गतका विभिन्न बीओपी प्रमुखहरूको सहभागिता थियो।

## सहिद परिवारलाई एक समान सुविधा दिन कानुन ल्याउने तयारीमा मधेश सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले विभिन्न आन्दोलनमा सहादत प्राप्त गरेका सहिद परिवारलाई एक समान सेवा–सुविधा उपलब्ध गराउने तयारी थालेको छ । प्रदेश सरकारअन्तर्गतको गृह, सञ्चार तथा कानुन मन्त्रालयले जेनजी आन्दोलन, जनआन्दोलन तथा मधेश आन्दोलनका सहिद परिवारलाई समान रूपमा सेवा–सुविधा उपलब्ध गराउने उद्देश्यसहित नयाँ कानुन ल्याउने तयारी गरेको हो । मन्त्रालयका अनुसार आवश्यक ऐन, नियमावली तथा कानुनी प्रक्रिया तयार भइसकेको छ।

सोमबार मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका जनआन्दोलन तथा अन्य आन्दोलनका सहिद परिवारका सदस्यहरूले गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोलाई भेटेर आफ्ना गुनासा राखेका थिए।

सहिद परिवारका सदस्यहरूले विगतमा प्रदेश सरकारले प्रति परिवार वार्षिक तीन लाख रुपैयाँ उपलब्ध गराउँदै आएको भए पनि पछिल्लो समय रकम वितरण रोकिएको तथा वितरण गर्दा समेत कसैलाई एक लाख र कसैलाई दुई लाख रुपैयाँ मात्रै दिएको गुनासो गरेका छन् । रकम वितरणमा एकरूपता नभएको भन्दै उनीहरूले असन्तुष्टि जनाए।

छलफलपछि गृहमन्त्री महतोले प्रदेश सरकारले अब नगद वितरणभन्दा पनि सहिद परिवारको दीर्घकालीन पुनःस्थापनामा केन्द्रित योजना अघि सार्ने बताए । उनका अनुसार मन्त्रालयले केही दिनभित्र बस्ने प्रदेशसभा बैठकमा सहिद परिवार पुनःस्थापनासम्बन्धी विधेयक पेश गर्ने तयारी गरेको छ। विधेयकमा सहिद परिवारका सदस्यलाई परिचयपत्र उपलब्ध गराउने, प्रत्येक परिवारबाट एक जनालाई रोजगारी दिने, सीपमूलक तालिम सञ्चालन गर्ने तथा सहिद परिवारका सदस्यहरूलाई प्राथमिकता दिएर उद्योग स्थापना गर्ने व्यवस्था समावेश गरिएको मन्त्री महतोले जानकारी दिए।

हाल मधेश प्रदेश सरकारअन्तर्गत रहेको मधेश सहिद प्रतिष्ठानले सहिद परिवारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

तर, प्रतिष्ठानका सदस्य अवदेश पटेलले सरकार फेरबदलका कारण प्रतिष्ठानको काम प्रभावित हुँदै आएको बताए । उनका अनुसार राजनीतिक अस्थिरताको असर प्रत्यक्ष रूपमा सहिद परिवारमाथि परेको छ। प्रतिष्ठानका कर्मचारी र सदस्यहरूले समयमै तलबसमेत नपाउने अवस्था रहेको उनले गुनासो गरे । पटेलले जेनजी आन्दोलनका सहिद तथा घाइतेको व्यवस्थापन केन्द्र सरकारले गरिसकेको अवस्थामा प्रदेश सरकारले उनीहरूलाई पुनः समान सुविधा दिनु उपयुक्त नहुने धारणा पनि राखे।

यता, रौतहटका जनआन्दोलन सहिद परिवारका अध्यक्ष कविराज पोखरेलले भने सरकारको आश्वासनप्रति विश्वास गर्न नसकिने बताए । उनले सरकारले विधेयक ल्याउने, कानुन बनाउने, उद्योग स्थापना गर्ने र रोजगारी दिने प्रक्रिया पूरा गर्न लामो समय लाग्ने भएकाले तत्कालका लागि आर्थिक सहयोग नै प्रभावकारी हुने धारणा राखे । 'विधेयक ल्याएर रोजगारी दिन कम्तीमा एक वर्ष लाग्न सक्छ,' उनले भने, 'हामीलाई अहिले जीविकोपार्जनका लागि प्रत्यक्ष आर्थिक सहयोग आवश्यक छ।'

प्रदेश सरकार गठन भएको आठ वर्ष बितिसक्दा पनि सहिद परिवारका लागि प्रभावकारी र दीर्घकालीन कार्यक्रम सञ्चालन हुन नसकेको उनीहरूको गुनासो छ । केही सहिद परिवारका सदस्यलाई रोजगारी दिइए पनि समयमा तलब नदिने, करार नवीकरण नगर्ने तथा अपमानजनक व्यवहार हुने गरेको उनीहरूको आरोप छ । सहिद परिवारका सदस्यहरूले संघीयता कार्यान्वयनको अनुभूति अझै हुन नसकेको बताएका छन्।

## जलेश्वर कारागारबाट भागेका कैदीबन्दी मध्ये अझै २५० जना फरार




**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीस्थित जलेश्वर कारागारबाट जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दीमध्ये अझै २५० जना फरार रहेका छन्। आन्दोलनको मौका छोपी कारागार तोडेर भागेका ५७६ कैदीबन्दीमध्ये हालसम्म ३२६ जना मात्रै फर्किएको कारागार प्रशासनले जनाएको छ । जलेश्वर कारागारका प्रमुख अशोककुमार क्षेत्रीका अनुसार हालसम्म ३१६ नेपाली र १० भारतीय नागरिकसहित ३२६ जना कैदीबन्दी कारागारमा फर्किसकेका छन् । 'सुरुदेखि नै हामीले सबैलाई फर्किन आग्रह गरेका थियौँ। अहिले पनि केही कैदीबन्दी आफैँ उपस्थित भइरहेका छन्,' उनले भने।

गत भदौ २४ गते देशभर भएको आन्दोलनका क्रममा महोत्तरीको जलेश्वर नगरपालिका–२ स्थित कारागार तोडेर कैदीबन्दी भागेका थिए । भाग्नेमा ४० जना भारतीय नागरिकसमेत रहेका थिए । त्यसको भोलिपल्टै कारागार प्रशासनले सञ्चारमाध्यममार्फत सबै फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेको थियो । कारागार प्रमुख क्षेत्रीका अनुसार फर्किने कैदीबन्दीमाथि कारागार ऐन, २०७९ तथा प्रचलित कानुनअनुसार कारबाही गरिनेछ । फरार कैदीबन्दीलाई लुकाउने, आश्रय दिने वा सहयोग गर्ने व्यक्तिमाथि पनि कानुनी कारबाही गरिने उनले चेतावनी दिए।

भागेका कैदीमध्ये १३ जनालाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरेको थियो। उनीहरूलाई पुनः नेपाल फर्काएर कारागारमा बुझाइएको प्रशासनले जनाएको छ । बाँकी अधिकांश कैदीबन्दी भने स्वेच्छाले फर्किएका हुन्। वि.सं. १९१३ मा निर्माण भएको जलेश्वर कारागार देशकै पुराना कारागारमध्ये एक हो । केही नयाँ भवन बने पनि अधिकांश संरचना पुरानै र जीर्ण अवस्थामा छन्।

कारागार प्रशासनका अनुसार करिब २०० जना राख्ने क्षमता रहेको कारागारमा अहिले त्यसको दोब्बरभन्दा बढी कैदीबन्दी राखिएका छन् । धनुषा र महोत्तरीसहित अन्य जिल्लाबाट ल्याइने थुनुवालाई समेत यहीँ व्यवस्थापन गर्नुपर्दा चाप बढ्दै गएको प्रशासनले जनाएको छ।

जलेश्वर नगरपालिका–२ मा करिब ६ बिघा जग्गा उपलब्ध भए पनि नयाँ भवन निर्माणको काम अघि बढ्न सकेको छैन। पुरानो भवन, भीडभाड र वर्षायाममा हुने डुबानको जोखिमले कारागार व्यवस्थापन थप जटिल बन्दै गएको छ । कारागार प्रमुख क्षेत्रीले खानेपानी र खानाको व्यवस्थापन सामान्य अवस्थामा रहे पनि औषधि व्यवस्थापनमा समस्या रहेको बताए। 'कैदीबन्दी धेरै भएकाले औषधिको अभाव भइरहेको छ । बजेट पर्याप्त नहुँदा आवश्यक औषधि समयमा जुटाउन कठिन भइरहेको छ,' उनले भने । उनका अनुसार पुरानो भवन र भीडभाडका कारण सङ्क्रमण फैलिने जोखिमसमेत बढेको छ । कारागार प्रशासनले नयाँ भवन निर्माण भए व्यवस्थापन सहज हुने जनाएको छ । पर्याप्त स्थान र आधुनिक संरचना बनेपछि पुस्तकालय, सीपमूलक तालिम, खेलकुद तथा अन्य सुधारमुखी कार्यक्रम सञ्चालन गर्न सकिने कारागार प्रमुख क्षेत्रीको भनाइ छ । केही दिनअघि कारागार जीवन बिताएर छुटेका एक व्यक्तिले पनि कारागारभित्रको अवस्था सुधार गर्नुपर्ने बताए । उनका अनुसार मनोरञ्जन, खेलकुद, पुस्तकालय तथा सीपमूलक कार्यक्रमको अभावले कैदीबन्दी मानसिक तनावमा पर्ने गरेका छन् । 'कारागार सजाय दिने ठाउँ मात्रै नभई सुधार केन्द्रका रूपमा विकास हुनुपर्छ,' उनले भने। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले फरार रहेका कैदीबन्दीको खोजतलास जारी रहेको बताए। उनका अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकाय परिचालन गरेर खोजी कार्य भइरहेको छ । 'फरार रहेका कैदीबन्दीलाई पक्राउ गर्न सुरक्षाकर्मी परिचालित छन्। खोजी कार्य निरन्तर जारी छ,' उनले भने । नागरिक समाजका अगुवा राकेश चौधरीले पुरानो संरचना, सीमित स्रोतसाधन र बढ्दो चापका कारण जलेश्वर कारागार गम्भीर चुनौतीमा परेको बताए । नयाँ भवन निर्माण र सुधारमुखी कार्यक्रम सञ्चालन गर्न सके मात्रै कारागार व्यवस्थापन प्रभावकारी बन्ने उनको भनाइ छ।

# ‘एलिफेन्ट्स इन द फग’ का समूहलाई नेपालमा



**काठमाडौँ ।**
विश्वप्रसिद्ध चलचित्र महोत्सव ‘कान्स चलचित्र महोत्सव २०२६’ मा सहभागी भएको चलचित्र ‘एलिफेन्ट्स इन द फग’ का कलाकार तथा निर्माण समूहलाई नेपालमा स्वागत गरिएको छ । उक्त चलचित्र महोत्सवमा ‘अन सर्टेन रिगार्ड विधा’ मा छनोट भएर पहिलो प्रदर्शनी (विश्व प्रिमियर) भएको नेपाली चलचित्र ‘एलिफेन्ट्स इन द फग’ ले सोही विधामा निर्णायक पुरस्कार (जुरी अवार्ड) जित्न सफल भएको छ ।

फ्रान्समा सम्पन्न उक्त चलचित्र महोत्सवमा सहभागी भएर नेपाल फर्किनुभएका निर्देशक अविनाशविक्रम शाह, निर्माता अनुप पौडेल र कलाकार पुष्पा थिङ लामालाई सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले बधाई दिँदै त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा स्वागत गरेका हुन् । प्राप्त अन्तरराष्ट्रिय सम्मानले नेपाली चलचित्रको कथ्य, शिल्प र प्राविधिक सम्भावनालाई विश्वसामु थप स्पष्ट बनाएको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले बताए ।

उनले भने, ‘नेपाली कलाकर्मीले विश्व प्रख्यात चलचित्र महोत्सवमा सहभागी जनाउँदै अन्तरराष्ट्रिय उपलब्धिसहित नेपाल फर्किनु हाम्रो लागि सुखद पक्ष हो । हाम्रो कला, संस्कृतिसँगै प्राकृतिकस्थलको प्रचारका लागि पनि चलचित्र निकै महत्वपूर्ण छ । त्यसैले हामीले यस क्षेत्रको हितमा हुने कामहरूलाई अगाडि बढाई रहेका छौँ । हामीले कला र संस्कृतिका क्षेत्रमा सक्दो काम गर्ने योजना बनाएका छौँ ।’ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल नेपाली चलचित्र र नेपाली संस्कृतिलाई अन्तरराष्ट्रिय मञ्चमा गौरव गर्ने अवसर प्रदान गरेको बताउँदै चलचित्रकर्मीलाई बधाई दिए ।

उनले भने, ‘चलचित्रकर्मीहरू मुलुकका अवैतनिक सांस्कृतिकदूत हुनुहुन्छ । चलचित्रले अन्तरराष्ट्रिय मञ्चमा आफूलाई प्रस्तुत गरेर पुरस्कृत हुँदै गर्दा त्यो उपलब्धि उक्त चलचित्रकर्मीसँगै देशको हुन्छ, त्यसकारण हामी बधाई दिन उपस्थित भएका छौँ ।’ उक्त कार्यक्रममा चलचित्र ‘एलिफेन्ट्स इन द फग’ का निर्देशक अविनाशविक्रम शाहले चलचित्र निर्माण गर्दा अप्ठ्यारो भएता पनि देशमा पाएको सम्मानले आफूसहित सम्पूर्ण निर्माण समूह प्रोत्साहित भएको बताए ।

‘यस किसिमको सम्मानले हामी चलचित्रकर्मीलाई प्रोत्साहन मिल्छ, म पनि प्रोत्साहित भएको छु । अब छिट्टै अर्को चलचित्र निर्माण गर्नेछु’, निर्देशक शाहले भने । उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डले यसै साता सम्मान कार्यक्रम आयोजना गरी उक्त चलचित्रलाई रु दुई लाख ५० हजारसहित सम्मान गर्ने जानकारी दिए । उनले चलचित्र ‘एलिफेन्ट्स इन द फग’ को उपलब्धिले नेपाली चलचित्रलाई अन्तरराष्ट्रिय मञ्चमा नयाँ आत्मविश्वास दिएको बताए । रासस

# ‘प्रतिनिधिसभा निर्वाचन–२०८२ सफल बनाउन सबैको भूमिका महत्वपूर्ण’



**मोरङ ।**
गत प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षाकर्मी, राजनीतिक दल एवं नागरिकले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताइएको छ।

निर्वाचन आयोग, नेपालद्वारा सोमबार विराटनगरमा आयोजित प्रतिनिधिसभा सदस्य निर्वाचन–२०८२ कोशी प्रदेशस्तरीय समीक्षा कार्यक्रममा सहभागीहरुले प्रदेशभरिका मतदान केन्द्रहरूमा कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकहरूको परिचालनमा आएका चुनौती र त्यसको समयमै गरिएको समाधान निर्वाचन सफलताका रूपमा रहेको बताएका छन्।

सहभागीहरुले प्रदेशको भौगोलिक रूपमा विकट हिमाली तथा पहाडी जिल्लाहरूदेखि सुगम तराईका जिल्लाहरूमा मतपेटिका, मतपत्र पु¥याउन सुरक्षाकर्मीहरुको प्रभावकारी रुपमा परिचालन प्रशासनको महत्पूर्ण कार्य रहेको विचार राखेका छन् । निर्वाचन आयोगका सचिव मधुसूदन बुर्लाकोटीले निर्वाचन निष्पक्ष रुपमा रहेको स्वदेशी तथा अन्तरराष्ट्रिय पर्यवेक्षकहरुले मान्यता भएको प्रतिवेदन दिएको उल्लेख गरे।

उनले आगामी दिनमा निर्वाचनलाई ‘ग्रिन इलेक्सन’का रुपमा कार्यान्वयन गर्ने धारणा राख्दै सहभागीबाट प्राप्त सुझावलाई आगामी दिनमा सुधार गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले प्रतिनिधिसभा निर्वाचन–२०८२ लाई सफल, स्वच्छ एवं भयरहित वातावरणमा सम्पन्न सबैले आ–आफ्नो क्षेत्रबाट महत्वपूर्ण सहयोग प्राप्त गरेको बताए।

आयोगका सहसचिव कमल ज्ञवालीले यस निर्वाचनमा सबैभन्दा कम मत बदर भएको जनाउँदै देशका सबै वडामा एक÷एक जनालाई मतदाता शिक्षाका लागि खटाइएको जानकारी दिए।

उक्त निर्वाचनमा आयोगले रु चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ खर्च भएकामा मतदाता सङ्ख्या एक करोड ७९ लाख तीन हजार ६६९ लाई आधार मान्दा प्रतिमतदाता औसत खर्च रु २६३ भएको सोही अवसरमा जनाइएको छ । समीक्षा कार्यक्रममा प्रदेशका १४ जिल्ला निर्वाचन अधिकारहरु, मोरङका निर्वाचन अधिकृत, पर्यवेक्षक, स्यवंसेवक, मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको छ। रासस

# असिनाको असरः ‘बुद्धचित्त’को गुणस्तर खस्कनेमा किसानको चिन्ता

**राजकुमार पराजुली**
**काभ्रेपलाञ्चोक ।**
रोशी गाउँपालिका–३ साँझकोटका गणेशबहादुर राउतलाई यसपालि बहमूल्य मानिएको ‘बुद्धचित्त’को आम्दानी घट्नेमा निकै चिन्ता परेको छ । घरबारी र तल्लोबारी गरी सात बोटमा बुद्धचित्त लटरम्म फले पनि गत वैशाखको असिना–पानीबाट चिचिलामै दाग लागेपछि छिप्पिँदासम्म गुणस्तर खस्कनेमा उनी चिन्तित छन् । गत साल सोही बोटबाट करिब रु तीन लाख आम्दानी गरेकामा यसपालि दाना पोहरभन्दा बढी नै फले पनि व्यापारीले त्यति नै मूल्य नदिने उनी बताउँछन् । उनी भन्छन्, ‘यसपालि असिना–पानी’ ले बुद्धचित्त रूखमा क्षति पु¥यायो, दानामा दाग लगेका छन्, राम्रै हुँदैन भनेकाले यसपालि आम्दानी घट्ला !’ सात वर्षअघि राउतले रोपेका ती बुद्धचित्तका बोटले तीन वर्षदेखि उत्पादन दिन थालेका हुन् । ‘बर्सेनि उत्पादन भने बढ्दै गएको छ’, राउतले भने, ‘जेठ अन्तिमतिर दाना छिप्पिने भएकाले गाउँमा व्यापारी डुल्न थालिसकेका छन् ।’



छिमेकी कृष्णबहादुर राउतलाई पनि उस्तै चिन्ता छ । ‘यसपालि बुद्धचित्त व्यापारीले जति दिए पनि चित्त बुझाउनुपर्ने बाध्यता छ’, उनले भने । उनको पनि असिनाका कारण तीन बोटमा फलेको बुद्धचित्तको अधिकांश दानामा कालो दाग लागेको छ । अर्का किसान गुञ्जबहादुर लामा पनि व्यापारीले बुद्धचित्त हेर्न आउँछु भनेकाले बैना लिने सोचमा छन् । घरबारीमा चार बोटमा फलेको उनको बुद्धचित्त घरमै व्यापारी आएर लैजान्छन् । लामा भन्छन्, ‘यसपालि भने व्यापारीले गत वर्षको झैँ भाउ नपाउने भनेका छन्, यसपालि घाटा लाग्ने भयो ।’ धार्मिक कार्यमा प्रयोग हुने बुद्धचित्तका दाना विशेषगरी बौद्ध धर्मावलम्बीले जप गर्न तथा हात र गलामा लगाउन प्रयोग गर्छन् । रोशी गाउँपालिको २, ३, ४ र ५ नं वडाका किसानले व्यावसायिक रूपमै बुद्धचित्तको खेति गर्दै आएका छन् । यस वर्ष असिना–पानीले बुद्धचित्तको दानामा असर पु¥याएपछि किसान चिन्तित छन् । गत साल चार बोटबाट रु तीन लाख आम्दानी गरेका साँझकोटकै दीपक राउतले यसपालि बुद्धचित्तको गुणस्तरमा गिरावट हुने बताए । उनले यसपालि थप तीन बोटले उत्पादन दिन थालेकाले व्यापारीले आफूलाई बोटमै मूल्य गरेर बैना दिन आउने आश्वासन दिएको बताए।

बुद्धचित्त काभ्रेपलाञ्चोकको तेमाल क्षेत्रमा पनि वर्षौंदेखि उत्पादन हुँदै आएको छ । विशेषगरी छिप्पिएको साना दाना तथा कम ‘मुखे’को हिसाबले मूल्य निर्धारण गर्ने गरिएको छ । राम्रो फल्ने रूखका दाना चोरेर लैजाने भएकाले कतिपय किसानले सुरक्षाका लागि ‘पाले’ समेत राख्ने गर्दै आएका छन् । तेमाल क्षेत्रको चापाखोरी, मेच्छे, बोल्दे, कानपुरमा बुद्धचित्तको व्यावसायिक खेती हुँदै आएको छ । रोशी–५ सिपालीस्थित नागबेलीमा दुई वर्षअघि ठाकुरानी तामाङको बारीमा फुल्दै गरेको बुद्धचित्तको रूख नै अज्ञात समूहले काटिदिएका थिए । जिल्लाको सबैभन्दा महँगो कहलिएको उक्त रूख काटिएको ४ वर्षअघि लुटिएको पनि थियो । विसं २०७७ असार १२ मा करिब जना मुखुण्डोधारीहरूले माला कुर्न बसेका १५ जनालाई कब्जामा लिएर उक्त बोटका चार बोरा माला लुटेर भागेका थिए । त्यसबेला तामाङले रु ९० लाखमा बुद्धचित्तको दाना बिक्री गर्न बैनासमेत लिनुभएको थियो । घटनाको केही समयपछि रूख काट्नेमध्ये केहीलाई पक्रेर प्रहरीले मुद्दा समेत चलाई थुनामा राखेको छ । प्रतिमाला रु पाँच हजारदेखि रु पाँच लाखसम्म बिक्री हुने बुद्धचित्त जोगाउन केही किसान रातभरि बोटमुनि नै सुत्नेसमेत गरेका छन् । पछिल्लो समय बुद्धचित्तको दाना र माला निकासीमा प्रहरीले सहयोग गर्दै आए पनि लुटेराबाट जोगाउन किसानलाई सास्ती पर्दै आएको बताउँछन् । कहिलेकाहीँ दाना जोगाउन मुस्किल पर्न थालेपछि समयअगावै टिपेर पठाइहाल्ने गर्नुपरेको तेमालका युद्ध लामाले बताए । बुद्धचित्तको दाना र माला काठमाडौँको बौद्ध र भारतको बोधगयासम्म पुग्ने गरेको स्थानीय व्यापारी बताउँछन् । यहाँको बुद्धचित्त मालाको बिरुवाको बाहिरी रूप बयर प्रजातिसँग मेल खाने र यो विश्वका अन्य ठाउँमा पाइनेभन्दा बेग्लै रैथाने प्रजाति भएपछि केही वर्षदेखि किसान तथा व्यवसायी पनि उत्साहित भएर यस खेतिप्रति आकर्षित भएका छन् । कतिपयले किसानले परीक्षणस्वरुप एक÷दुई वटा बोट रोपेको पाइन्छ । ठूलो परिमाणमा बुद्धचित्त सङ्कलन तथा खरिद–बिक्रीका लागि स्थानीय तहमा उल्लिखित कर तिर्नुपर्ने प्रावधान बनाइएको छ।

केही वर्षको तथ्याङ्कले काभ्रेपलाञ्चोकको तेमाल र रोशी गाउँपालिकाबाट मात्रै वार्षिक करिब रु २० करोड बराबरको बुद्धचित्तको कारोबार हुने गरेको देखाएको छ । बुद्धचित्तको कारोबारमा भने केही चिनियाँ नागरिकले स्थानीयस्तरका नेपाली व्यापारीमार्फत खरिद गर्ने गरेका छन् । रासस

# प्राङ्गारिक मल तथा बायोग्याँस उद्योगः उद्घाटन गरेको पाँच वर्ष बित्यो, अझै सञ्चालन गरिएन

**केदार मगर**
**खोटाङ ।**
जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार तथा आसपासका फोहर सङ्कलन गरेर प्रशोधनगरी मोहर कमाउने लक्ष्यसहित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–२ सोल्मास्थित ओखरबोटेमा प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग स्थापना गरेको पाँच वर्ष भयो । करिब रु पाँच करोड लगानीमा स्थापना गरिएको उद्योग तत्कालीन १ नं प्रदेश (हाल कोशी प्रदेश)का तत्कालीन मुख्यमन्त्री शेरधन राईले विसं २०७७ चैतल २१ गते तामझामका साथ उद्घाटन गरेका थिए । तत्कालीन नगरप्रमुख दीपनारायण रिजाल र उपप्रमुख विणादेवी राईले विसं २०७६ असार–१ मा शिलान्यास गरेको उद्योगमा नेपाल सरकार, अर्थमन्त्रालयको विशेष अनुदानवापत रु तीन करोड ३२ लाख तथा नगरपालिकाको रु एक करोड ५६ लाख लगानी गरिएको छ । रासायनिक मल प्रयोग हुँदै आएको नगरपालिकालाई अर्गानिक नगर बनाउने अभियानमा स्वतःस्फूर्त लागेका नगरवासी आफ्नै ठाउँमा प्राङ्गारिक प्राङ्गारिक मल उद्योग सञ्चालन भएपछि खुशी भएका थिए।



प्रतिघण्टा एक हजार केजी मल उत्पादन गर्न सकिने क्षमताको प्राङ्गारिक मल उद्योग तथा गोबरग्याँस उत्पादन गर्ने र त्यसलाई सिएनजी ग्याँसमा परिवर्तन गरेर एलपी ग्याँसकै रूपमा सिलिण्डर भरेर उपभोक्तालाई वितरण गर्नेगरी स्थापना गरिएको बायोग्याँस प्लान्ट अहिले अलपत्र छ । पन्ध्र वडा रहेको यस नगरपालिकालाई अर्गानिक नगर बनाउँदै आन्तरिक आम्दानीको स्रोतको रूपमा विकास गर्ने उद्देश्यसहित स्थापना गरिएको प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग लामो समयदेखि अलपत्र बनेपछि नगरपालिकाका वर्तमान जनप्रतिनिधिको आलोचना भइरहेको छ।

राज्यको लगानीमा स्थापना गरिएको दुईवटा उद्योग उद्घाटन गरेको पाँच वर्ष बितिसक्दा पनि सञ्चालनमा ल्याउने नगरपालिकाको कुनै योजना नभएपछि जिल्लावासीले अलपत्र उद्योगको तस्वीर सामाजिक सञ्जालमा राख्दै आलोचना गर्ने गरेका छन् । वर्तमान जनप्रतिनिधिले सामाजिक सञ्जाल तथा स्थानीयको आलोचना सुनुवाइ नगर्दा राज्यकोषको करिब रु पाँच करोड लगानी डुब्ने लगभग निश्चितजस्तै भएको छ । आफ्नो गाउँमा प्राङ्गारिक मल उद्योग तथा बायोग्याँस प्लान्ट स्थापना हुने भएपछि आफूले छ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको स्थानीय गङ्गाबहादुर विश्वकर्माले बताए । ‘उद्योगबाट उत्पादन भएको मललाई नगरपालिकाकै अगुवाइमा डिलरमार्फत बिक्री तथा वितरण गर्ने लक्ष्य राखिएको थियो। उद्घाटन गरेको पाँच वर्ष बित्यो । अहिलेसम्म सञ्चालनमा ल्याउने वर्तमान जनप्रतिनिधिको कुनै तयारी छैन’, जिल्लाका अगुवा कृषकसमेत रहेका विश्वकर्माले भने, ‘उद्योगमा राज्यको ठूलो लगानीमा फसेको छ । वर्तमान जनप्रतिनिधिले यसलाई तत्काल सञ्चालनमा नल्याएको खण्डमा त्यो लगानी खेर जानेवाला छ । उद्योगमा राखिएका धेरै औजार तथा सजावटका सामग्रीहरू काम नलाग्ने भइसकेका छन् ।’

उद्योगबाट उत्पादित प्राङ्गारिक मल मलिलो र राम्रो हुने भएकाले पहिलो चरणमा नगरपालिकाभित्रकै कृषकलाई अनुदानमा वितरण गर्ने भनिएको थियो । तीन हजार ५०० घनमिटर क्षमताको अण्डरग्राउण्ड डुम (ट्याङ्की)मा कच्चा पदार्थ हालेर गोबरग्याँस उत्पादन गर्ने र त्यसलाई सिएनजी ग्याँसमा परिवर्तन गरेर एलपी ग्याँसकै रूपमा सिलिण्डर भरेर उपभोक्तालाई वितरण गर्ने लक्ष्य राखिएको थियो । दिक्तेल बजारका शौचालयको ट्याङ्कीमा रहेका दिसापिसाबलाई सक्सन मेसिनले तानेर बायोग्याँस प्लान्टमा लैजाने नगरपालिकाको तयारी थियो । गाई÷भैँसीको आवश्यक गोबर र स्याउलाका लागि कम्पोष्ट मल उद्योग र बायोग्याँस प्लान्ट रहेको स्थानभन्दा केहीमाथि सुधारिएको गोठमा भैँसी पालनसमेत गरिएको थियो।

सङ्घीय सरकारको सहयोगमा नगरपालिकाले स्थापना गरेको उद्योगमा स्थानीय चार युवालाई पूर्णकालीन तथा २५ जनालाई अल्पकालीनरूपमा रोजगारीसमेत दिइएको थियो । लामो समयसम्म बिना काम जागिर खाएका ती कर्मचारी तथा गोठमा बाँधिएका भैँसी अहिले उद्योगमा छैनन् । करारमा नियुक्त गरिएका कर्मचारीका लागि कति रकम भुक्तानी दिइयो भन्ने यकिन तथ्याङ्क अहिले नगरपालिकासँग छैन । यस विषयमा बेलाबेला कुरा उठ्ने गरेको छ । तर, सम्बन्धित निकाय नै मौन रहने गरेकाले बाहिर आउन सकेको छैन।

मलमूत्रका लागि रु दुई लाखमा खरिद गरिएका तीन भैँसीमध्ये एउटा मरेको र दुईवटा रु ९० हजारमा लिलाम गरिएको नगरपालिकाले जनाएको छ । यतिका ठूलो लगानी रहेको उद्योग सञ्चालनमा नआउनुमा तत्कालीन जनप्रतिनिधिको दीर्घकालीन योजना नहुनु पनि एउटा कारण भएको बताइएको छ । दश स्थानीय तह रहेको जिल्लाको सबैभन्दा ठूलो यस नगरपालिकालाई पाँच वर्षभित्र पूर्ण अर्गानिक बनाउने तयारीस्वरूप प्राङ्गारिक मल उद्योग स्थापना गरिएको तत्कालीन नगरप्रमुख रिजालले बताएका थिए । अघिल्लो स्थानीय सरकारले दीर्घकालीन कार्ययोजना नबनाइ विभिन्न संरचना निर्माण गरेकाले यस्तो अवस्था आएको वर्तमान नगरप्रमुख तीर्थराज भट्टराईको दाबी छ।

उद्योग परिसरमै निर्माण निर्माण गरिएका पोखरी र हाइटेक ग्रिन हाउस पनि अलपत्र अवस्थामा छ । पोखरी र हाइटेक ग्रिन हाउस निर्माणमासमेत नगरपालिकाको ठूलो मात्रामा रकम खर्च भएको स्रोतको दाबी छ । प्राङ्गारिक मल उद्योगका लागि खरिद गरिएको एउटा सक्सन मेसिन, दुईवटा ट्र्याक्टर र एउटा गाडी भने नगरपालिकाले उपयोग गरिरहेको छ । बनेका संरचना व्यवस्थित गरेर सञ्चालन गर्न नसक्नुले वर्तमान जनप्रतिनिधिको कार्यक्षमताप्रति प्रश्नचिह्न खडा भएको नगरवासीको गुनासो छ । मल उत्पादनका लागि आवश्यक कच्चा पदार्थका लागि भैँसी खरिद, उद्योगको कम्पाउण्डमा गार्डेनिङका लागि विभिन्न किसिमका फूलका बिरुवा तथा सजावटका सामग्रीमा पनि खर्च भएको छ । स्थापना गरिएका उद्योग सञ्चालन नगरी अलपत्र पर्नुमा राजनीतिक प्रतिशोध भएको स्थानीयको आरोप छ । रासस

# मधेशको अर्थतन्त्र सबैभन्दा सुस्त
# आर्थिक वृद्धिदर १.३१ प्रतिशतमा सीमित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
चालु आर्थिक वर्ष २०८२\०८३ मा देशभरमध्ये सबैभन्दा कमजोर आर्थिक वृद्धिदर मधेश प्रदेशको रहने प्रारम्भिक अनुमान गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रादेशिक आर्थिक विवरणअनुसार मधेशको आर्थिक वृद्धिदर केवल १.३१ प्रतिशत रहने देखिएको हो, जुन राष्ट्रिय औसत ३.८५ प्रतिशतभन्दा निकै कम हो । तथ्याङ्कले बागमती प्रदेशलाई सबैभन्दा तीव्र आर्थिक विस्तार भएको प्रदेशका रूपमा देखाएको छ । बागमतीको वृद्धिदर ५.४० प्रतिशत रहने अनुमान गरिएको छ भने गण्डकी प्रदेश ५.०१ प्रतिशतसहित दोस्रो स्थानमा रहेको छ। कोशी प्रदेशको वृद्धिदर ३.३१ प्रतिशत, लुम्बिनी २.८७ प्रतिशत, कर्णाली २.९४ प्रतिशत र सुदूरपश्चिम ३.३८ प्रतिशत रहने अनुमान छ।



गत आर्थिक वर्षको तुलनामा मधेश प्रदेशको अवस्था उल्लेख्य रूपमा कमजोर बनेको देखिन्छ । अघिल्लो वर्ष ४.४३ प्रतिशत आर्थिक वृद्धि रहेको मधेस अहिले १.३१ प्रतिशतमा झरेको छ । यसले प्रदेशको उत्पादन, लगानी र आर्थिक गतिविधिमा सुस्ती आएको संकेत गरेको अर्थविद्हरूको बुझाइ छ। राष्ट्रिय तथ्याङ्क कार्यालय जनकपुरधामका प्रमुख तथ्यांक अधिकारी शिवनारायण महतोका अनुसार स्थिर मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादनको आधारमा प्रदेशहरूको आर्थिक अवस्था मूल्याङ्कन गरिएको हो। उनका अनुसार बागमती र गण्डकी मात्र राष्ट्रिय औसतभन्दा माथि रहेका छन् भने बाँकी सबै प्रदेशको वृद्धिदर राष्ट्रिय स्तरभन्दा कम देखिएको छ।

अर्थतन्त्रको आकारका हिसाबले पनि बागमती प्रदेश अग्रस्थानमै छ । चालु आर्थिक वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन करिब ६६ खर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ, जसमा बागमतीको मात्रै २४ खर्ब २३ अर्ब रुपैयाँ अर्थात् ३६.७ प्रतिशत हिस्सा रहनेछ । मधेस प्रदेशको योगदान ८ खर्ब ६३ अर्ब रुपैयाँ अर्थात् १३.१ प्रतिशत रहने अनुमान गरिएको छ। तथ्याङ्कले अधिकांश प्रदेशको अर्थतन्त्र कृषिमा आधारित रहेको देखाएको छ।

बागमतीबाहेक सबै प्रदेशमा कृषिको योगदान सबैभन्दा बढी रहेको उल्लेख गरिएको छ । मधेसमा पनि कृषि मुख्य आर्थिक आधार भए पनि चालु वर्ष कृषिक्षेत्रकै वृद्धिदर ऋणात्मक रहने अनुमान गरिएको छ, जसले समग्र आर्थिक वृद्धिलाई कमजोर बनाएको देखिन्छ।

प्रदेशगत औद्योगिक गतिविधि विश्लेषण गर्दा मधेसमा व्यापार क्षेत्र दोस्रो ठूलो योगदानकर्ता बनेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम देखिएको छ । यद्यपि विद्युत तथा ग्यास क्षेत्रको वृद्धिदर भने मधेससहित अधिकांश प्रदेशमा उच्च रहने अनुमान गरिएको छ।

प्रतिव्यक्ति आयतर्फ पनि मधेस राष्ट्रिय औसतभन्दा तल देखिएको छ। चालु आर्थिक वर्षमा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १३ अमेरिकी डलर पुग्ने अनुमान गरिँदा मधेसको प्रतिव्यक्ति आम्दानी भने ९३४ अमेरिकी डलरमा सीमित रहने प्रक्षेपण गरिएको छ । गत वर्ष मधेसको प्रतिव्यक्ति आय ९४७ डलर रहेको थियो।

# धानको समर्थन मूल्य निर्धारण



**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले आगामी आर्थिक वर्ष २०८३\८४ का लागि धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मोटो र मध्यम धानको समर्थन मूल्य तोक्ने निर्णय गरेको हो । बैठकका निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकून् भन्ने उद्देश्यले समयमै समर्थन मूल्य निर्धारण गरिएको जानकारी दिए । सरकारले मोटो धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ सय ६० रुपैयाँ तथा मध्यम धानको प्रतिक्विन्टल ३ हजार ८ सय ६० रुपैयाँ कायम गरेको जनाएको छ । सरकारले निर्धारण गरेको समर्थन मूल्यले किसानलाई राहत पुग्ने तथा धान उत्पादनलाई प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ।

# सुत्केरी तथा गर्भवतीलाई पोषण सामग्री वितरण

**सिरहा।**
मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवद्र्धन गर्ने उद्देश्यले यहाँको लहान नगरपालिका–का १२५ जना सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज वितरण गरिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले स्वास्थ्य चौकी ढोडनामा सोमबार एक कार्यक्रमका बीच उक्त सामग्री वितरण गरेका हुन्।

नगरपालिकाले विगत चार वर्षदेखि प्रत्येक महिनामा फरक–फरक वडामा पुगेर यस्ता पोषण प्याकेज वितरण गर्दै आएको छ । पोषण प्याकेजमा चामल, दाल, नुन, तेल, चनालगायत खाद्यान्न सामग्रीका साथै वर्षायाममा लामखुट्टेको प्रकोप बढी हुने भएकाले डेङ्गीलगायत रोगबाट बच्न झुल समेत प्रदान गरिएको हो।

नगरप्रमुख चौधरीले भने, गर्भवती र सुत्केरीको स्वास्थ्य सुनिश्चित गर्नु हाम्रो प्रमुख प्राथमिकता हो। यस्ता कार्यक्रमले सचेतना दिनुकको साथै उनीहरूको पोषणस्तर सुधार तथा स्वास्थ्य सेवामा पहुँच सहज बनाउने हाम्रो उद्देश्य हो। आगामी दिनमा यसलाई अझ प्रभावकारी ढङ्गले विस्तार गरिनेछ।

स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार, पोषण प्याकेज नियमित स्वास्थ्य परीक्षण गराउने महिलालाई लक्षित गरेर वितरण गरिएको हो।

उनले थप जानकारी दिँदै भने, नियमित जाँचमा सहभागी हुने महिलाको सङ्ख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ । महिला स्वास्थ्य स्वयंसेविकाले वडामा रहेका गर्भवती र सुत्केरीको प्रारम्भिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा सेवाको सहजीकरणमा महत्वपूर्ण भूमिका खेलेको उनले उल्लेख गरे। रासस

# विपन्न परिवारलाई खाद्यान्न एवं कपडा सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका–४ सुपौली निवासी अत्यन्तै विपन्न जोगिन्दर महराको छोरीको निधनपछि शोकमा रहेको परिवारलाई खाद्यान्न तथा लत्ता कपडा सहयोग गरिएको छ । जगरनाथपुर गाउँपालिका–४ निवासी समाजसेवी तथा गाउँपालिका अध्यक्ष प्रत्याशी बिरजेश्वर चौधरी र उनकी पत्नी सोभावती देवीको उपस्थितिमा महरा परिवारलाई आवश्यक खाद्यान्न सामग्री तथा कपडा हस्तान्तरण गरिएको हो।

चौधरी दम्पतीले परिवारलाई चामल, चिउरा, आलु, प्याज, आटा लगायतका दैनिक उपभोग्य खाद्यान्न सामग्री सहयोग गरेका थिए । छोरीको काजक्रिया गर्न कठिनाइ भइरहेको अवस्थामा उक्त सहयोग उपलब्ध गराइएको जनाइएको छ । सहयोग कार्यक्रममा स्थानीय बासिन्दाको समेत सहभागिता रहेको थियो । कठिन परिस्थितिमा पीडित परिवारलाई राहतस्वरूप सहयोग गरिएको भन्दै स्थानीयले चौधरी दम्पतीप्रति धन्यवाद व्यक्त गरेका छन्।

मानवीय सेवाभावका साथ गरिएको यस सहयोगले शोकमा रहेको महरा परिवारलाई केही राहत पुग्ने विश्वास गरिएको स्थानीयले बताएका छन्।

# धनुषामा अवैध मालसामान बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको धनौजी गाउँपालिका–४ तरहीमा लुकाइछिपाइ राखिएको विभिन्न अवैध मालसामान सशस्त्र प्रहरी बल र भन्सार कार्यालयको संयुक्त टोलीले बरामद गरेको छ।
विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल तथा भन्सार कार्यालयको संयुक्त टोलीले उक्त क्षेत्रमा अनुगमन तथा खोजतलास गर्दा विभिन्न प्रकारका मालसामान फेला परेको जनाएको छ।

प्रारम्भिक अनुसन्धानअनुसार ती सामग्री अवैध रूपमा भण्डारण गरेर राखिएको अवस्थामा भेटिएको हो । बरामद गरिएका सामानको यकिन विवरण, परिमाण तथा मूल्याङ्कन गर्ने प्रक्रिया जारी रहेको सम्बन्धित निकायले जनाएको छ । बरामद सामग्री आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा बुझाइने तयारी गरिएको बताइएको छ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय चोरी पैठारी तथा अवैध कारोबार बढ्न थालेपछि सुरक्षा निकायले निगरानी थप कडा बनाएको जनाएको छ। सशस्त्र प्रहरी बल र भन्सार कार्यालयले संयुक्त रूपमा नियमित गस्ती, अनुगमन तथा सूचना संकलनलाई प्रभावकारी बनाउँदै अवैध गतिविधि नियन्त्रण अभियानलाई तीव्रता दिएको बताएका छन्।

# रौतहटमा बाघ गणना जारी



**चन्द्रपुर।**
बाघको संरक्षण गर्न सबै तहतप्काबाट लाग्नुपर्ने आवश्यकता औँल्याइएको छ । बाघ संरक्षण तथा मानव–बाघ द्वन्द्व न्यूनीकरणसम्बन्धी सञ्चारकर्मीलाई लक्षित गर्दै आइतबार चन्द्रनिगाहपुरमा आयोजित सचेतनामूलक कार्यक्रममा डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहले यस्तो बताएका छन् । बाघप्रति आमनागरिकले सकारात्मक धारणा बनाए मात्रै बाघको संरक्षण हुने र बाघ भएको ठाउँ सुन्दर जङ्गल भएको हुँदा बाघ मार्ने र बाघसँगको दुस्मनी कसैले पनि गर्न नहुने उनको भनाइ थियो।

उनले भने, 'रौतहटको जङ्गलमा बाघको संख्या यकीन नभएपनि यहाँका विभिन्न जङ्गलमा बाघ बस्दै आएको देखिएको छ । लोपन्मुख अवस्थामा रहेको पाटेबाघ छ । लमाहा नदीको माथिदेखि तल्लो क्षेत्रमा, धन्सारको वन क्षेत्रमा, हातेमालो सामुदायिक वन उपभोक्ता समुह र रङ्गपुर साझेदारी वनको सतियारी वनक्षेत्र, गैँडाटारको वनक्षेत्र, बागमतीको जुडिबेला र पौराइको वनक्षेत्र, रामलाल वृन्दावन साझेदारीको वनक्षेत्र, फतुवा विजयपुरको नमस्ते सामुदायिक वन क्षेत्रमा बाघको बसोबास रहँदै आएको छ ।' बाघले मुख्य रूपमा जरायो, चित्तल, बँदेल, बाह्रसिङ्गालगायत जनावरलाई आहाराका रूपमा प्रयोग गर्ने उनले जानकारी दिए।

नेपालमा बाघको संख्या ३५५ रहेको जानकारी दिनुहुँदै डिभिजन वन प्रमुख साहले रौतहटमा पनि बाघको गणना भइरहेको र केही समयपछि बाघको संख्या यकीन हुने बताएका छन्। उनले पाटेबाघको शारीरिक बनावट, स्वभाव, आहारा, बासस्थान तथा आक्रमण गर्ने शैलीबारे जानकारी दिनुहुँदै बाघले सामान्यतया मानिसबाट टाढा बस्न रुचाउने, तर आत्मसुरक्षा वा बच्चाको सुरक्षाका लागि आक्रमण गर्नसक्ने बताए।

साहले बाघ संरक्षणको महत्व, चुनौती तथा रौतहटमा बाघको अवस्थाबारे जानकारी दिएका थिए। विसं २०७७ असोज १४ गते रौतहटमा बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको थियो । चन्द्रपुर नगरपालिका नगरपालिका– ६ का २७ वर्षीय सङ्गम भण्डारीको बाघको आक्रमणबाट मृत्यु भएको थियो।

भण्डारीको कम्मरभन्दा तलको भाग बाघले खाएको अवस्थामा जङ्गलमा शव फेला परेको थियो । भण्डारीलाई खोज्न गएको दुई युवकलाई पनि सोही समयमा आक्रमण गरी घाइते बनाएको थियो। यसैगरी, २०७८ साल असोज २१ गते रौतहटको लमहा जङ्गलमा बाघले आक्रमण गर्दा चन्द्रपुर–६ थोकरटोलका यज्ञबहादुर रायमाझी घाइते भएका थिए । बिहान घाँस लिन जङ्गल गएका रायमाझीलाई राजमार्ग छेउमै बाघले आक्रमण गरेको थियो।

त्यस्तै, २०८१ मङ्सिर १५ गते रौतहटको गुजरा नगरपालिका–१ का वडाध्यक्ष रामजित चौधरी र बौराही चौधरीलाई बाघले आक्रमण गरी घाइते बनाएको थियो।

गुजरा–१ राईटोलमा आफ्नै घर नजिक रहेको आलुबारीमा पानी लगाउन गएकाबेला बौराहीमाथि बाघले आक्रमण गरेको देखेर बचाउन गएका गुजरा–१ का वडाध्यक्ष रामजीतलाई झम्टिएर घाइते बनाएको थियो। रासस

# ग्रिनसिटि सामुदायिक प्रहरी परिसरमा दुर्लभ 'कल्प वृक्ष' रोपण

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगरस्थित ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र परिसरमा धार्मिक तथा सांस्कृतिक महत्व बोकेको दुर्लभ 'कल्प वृक्ष' रोपण गरिएको छ।

ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजसेवी, पदाधिकारी तथा हरि खेतान कलेजका विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा वक्ताहरूले कल्प वृक्षलाई धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले महत्वपूर्ण र दुर्लभ वृक्षका रूपमा व्याख्या गरेका थिए। भारतबाट विशेष पहलमार्फत ल्याइएको उक्त वृक्षले सकारात्मक ऊर्जा प्रवाह गर्ने विश्वाससमेत व्यक्त गरिएको छ । कार्यक्रममा सहभागीहरूले वृक्षारोपणले वातावरण संरक्षण, हरियाली प्रवद्र्धन र समाजमा सकारात्मक सोच विकासमा योगदान पुर्‍याउने बताएका छन्।

# दलितमाथि कुटपिट गरेको आरोपमा एक पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा दलित महिलामाथि कुटपिट गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । नरहा गाउँपालिका—३ का ५५ वर्षीय पवित्रनारायण यादवलाई प्रहरीले नयाँ चोहर्वाबाट पक्राउ गरेको हो । यादवमाथि स्थानीय ६० वर्षीया फूलकुमारी मण्डललाई कुटपिट गरेको आरोप छ। गत वैशाख २७ गते अपराह्न आफ्नो भैँसी यादवको खेतमा गएको निहुँमा मण्डलमाथि कुटपिट भएको प्रहरीले जनाएको छ। पीडित मण्डलले आफूमाथि अन्याय भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा अभद्र व्यवहारसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएकी थिइन् । सोही जाहेरीका आधारमा जिल्ला प्रशासन कार्यालय सिरहाबाट पक्राउ पुर्जी अनुमति लिई इलाका प्रहरी कार्यालय चोहर्वाको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।

# एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई ल्यापटप

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको बहुदरमाई नगरपालिका–८ रामनगरीस्थित मुखदेव सुशिला प्राविधिक माध्यमिक विद्यालयले एसइई मा ४ जिपिए अंक हासिल गरेका विद्यार्थीलाई ल्यापटप पुरस्कार प्रदान गरेको छ।

सोमबार विद्यालय परिसरमा आयोजित कार्यक्रममा विन्दवासिनी गाउँपालिका गर्दौलका विद्यार्थी अभिषेक साह रौनियारलाई ल्यापटप प्रदान गरिएको हो । विद्यालयका संस्थापक तथा पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष मुखदेव प्रसाद र प्रधानाध्यापक लक्ष्मीकान्त साहले संयुक्त रूपमा पुरस्कार हस्तान्तरण गरेका थिए। कार्यक्रममा सो अवसरमा विद्यार्थी रौनियारका अभिभावकलाई समेत दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

यसैबीच कक्षा १२ पूरा गरेका विद्यार्थीलाई विदाइ तथा कक्षा ११ मा नयाँ भर्ना भएका विद्यार्थीलाई स्वागत समेत गरिएको विद्यालयले जनाएको छ।

# ब्राउन सुगरसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकाबाट प्रहरीले लागुऔषध ब्राउन सुगरसहित एक युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको टोलीले पोखरिया नगरपालिका–९ का २० वर्षीय विशाल राउत कम्करलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार विशेष सूचनाका आधारमा गएराति करिब ११:३० बजे खटिएको टोलीले कम्करलाई शंकास्पद अवस्थामा फेला पारी खानतलासी गर्दा उनको साथबाट ५.५ ग्राम लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ बरामद गरिएको जनाएको छ।

पक्राउ परेका कम्करलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय पोखरियामा राखिएको प्रहरी निरीक्षक प्रदीप पौडेलले जानकारी दिएका छन्।

## सम्पादकीय

# जीबी राईलाई जोगाउने राज्य, बचतकर्तामाथि निरन्तर अन्याय !

एकातिर हजारौँ बचतकर्ता आफ्नो जीवनभरको कमाइ फिर्ता नपाएर सडकमा रोइरहेका छन्, अर्कोतिर २१ अर्बभन्दा बढी सहकारी रकम हिनामिना गरेर फरार घोषित जीबी राईका कम्पनीहरू भने सरकारी संरक्षणकै आडमा खुलेआम सञ्चालन भइरहेका छन् । यो अवस्था केवल प्रशासनिक असक्षमता होइन, राज्य संयन्त्रभित्र गहिरो संरक्षणवाद, राजनीतिक मिलेमतो र नियामक निकायहरूको असफलताको ज्वलन्त प्रमाण हो।

पाँच वर्षदेखि फरार भनिएका व्यक्तिको लोकेशन नेपाल प्रहरीले मलेसियासम्म पत्ता लगाइसकेको छ, तर पक्राउ गर्न सकेको छैन । यदि एउटा सामान्य नागरिकमाथि सानो अपराधको आरोप लागेको भए के राज्य यति निरीह बन्थ्यो ? पक्कै हुँदैनथ्यो। त्यसैले आज आम बचतकर्ताले उठाएको प्रश्न स्वाभाविक छ—जीबी राई वास्तवमै फरार हुन् कि राज्यकै संरक्षणमा सुरक्षित ?

झन् विडम्बना त के छ भने सहकारीको रकम लगानी गरिएका निजी कम्पनीहरू अहिले पनि सञ्चालनमै छन् । ती कम्पनीको सम्पत्ति रोक्का गर्न, कारोबार नियन्त्रण गर्न वा पीडितको रकम असुली प्रक्रिया अघि बढाउन राज्यले कुनै दृढता देखाएको छैन । सहकारी विभाग, मन्त्रालय, प्रहरी, सरकारी वकिल कार्यालय र प्रदेश सरकारबीच फाइल घुमाउने खेल मात्र चलिरहेको छ। पीडितलाई न्याय होइन, झुलाउने काम भइरहेको छ। सहकारी ठगी केवल आर्थिक अपराध होइन, यो जनविश्वासमाथिको डकैती हो । सहकारीमा रकम राख्ने अधिकांश नागरिक निम्न तथा मध्यम वर्गका छन्, जसले आफ्नो भविष्यको सुरक्षाका लागि बचत गरेका थिए। तर आज तिनै नागरिक आफ्नो पैसा फिर्ता माग्दा राज्य संयन्त्र मौन छ। अझ सहकारी ठगीमा जोडिएका व्यक्तिमाथिको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता लिने सरकारी निर्णयले राज्यको नियतमाथि गम्भीर प्रश्न उठाएको छ।

सरकारले अहिले 'साना बचतकर्तालाई रकम फिर्ता' भन्ने कार्यक्रम ल्याएको छ। तर ४६ अर्ब फिर्ता गर्नुपर्ने अवस्थामा २५ करोडको कोष बनाउनु केवल प्रतीकात्मक राहत हो, समाधान होइन। मुख्य दोषीलाई पक्राउ नगरी, सम्पत्ति जफत नगरी र अपचलन गरिएका कम्पनीमाथि कानुनी नियन्त्रण नगरी पीडितले न्याय पाउने अवस्था देखिँदैन । आज आवश्यक कुरा भाषण होइन, कठोर कार्यवाही हो। जीबी राईलाई अन्तर्राष्ट्रिय समन्वयमार्फत तत्काल पक्राउ गर्नुपर्छ। उनका कम्पनीहरूको सम्पत्ति खोजी गरी जफत प्रक्रिया अघि बढाउनुपर्छ। सहकारी नियमनलाई राजनीतिक प्रभावबाट मुक्त बनाइनुपर्छ। अन्यथा सहकारी क्षेत्रमाथिको जनविश्वास पूर्ण रूपमा ध्वस्त हुनेछ र राज्य स्वयं ठगी संरक्षकको रूपमा चिनिनेछ।

बचतकर्ताले स्पष्ट भनिरहेका छन् 'हामीलाई जीबी राई होइन, हाम्रो पैसा चाहियो।' राज्यले अब यो आवाज सुन्नैपर्छ। नत्र इतिहासले यो सरकारलाई ठगीकर्तालाई जोगाउने र सर्वसाधारणलाई रुवाउने शासनको रूपमा सम्झिनेछ।

# रक्तनलीको सुजन (भास्कुलाइटिस) रोग स्थिति र चुनौती

डा कृष्ण अधिकारी

**काठमाडौँ।**
हाम्रो समाजमा जीउ दुख्यो, झमझम भयो वा हातखुट्टा गल्यो भने धेरैले त्यसलाई नसा बाथ भन्ने गर्छन् । कतिले त खुट्टामा देखिने फुलेका नीला नसासँग पनि यसलाई जोड्छन् । तर, ती फुलेका नीला नसा बेग्लै कुरा हुन् ती त रगतलाई फेरि मुटुतिर फर्काउने सामान्य नसा मात्र हुन्, र तिनलाई 'वेरिकोज भेन्स' भनिन्छ । यो लेखमा 'भास्कुलाइटिस'का बारेमा चर्चा गरिएको छ । नेपालीमा भन्दा यसलाई रक्तनलीको सुजन भन्न सकिन्छ।

**भास्कुलाइटिस भनेको के हो त ?**
**यो बुझ्न पहिले एउटा कुरा थाहा पाउनुपर्छः** हाम्रो शरीरभित्र एउटा सुरक्षा प्रणाली हुन्छ–जसरी देशको सेनाले बाहिरी शत्रुसँग लड्छ। त्यसैगरी, यो प्रणालीले शरीरभित्र पस्ने कीटाणु र रोगसँग लड्छ। तर, कहिलेकाहीँ यो प्रणालीले गल्ती गर्छ । शत्रु चिन्न नसकेर आफ्नै शरीरका स्वस्थ भागमाथि नै आक्रमण गर्न थाल्छ। यस्तो रोगलाई 'अटोइम्युन' रोग अर्थात् आफैँले आफूलाई हान्ने रोग भनिन्छ। भास्कुलाइटिस यस्तै एउटा रोग हो। यसमा शरीरको सुरक्षा प्रणालीले आफ्नै रक्तनली (रगत बग्ने नली) माथि आक्रमण गर्छ। यो आक्रमणले रक्तनलीलाई सुन्निने (सुजन आउने) बनाउँछ। रक्तनली सुन्निदा तीनवटा कुरा हुन सक्छन्, र तीनै **कुरा खतरनाक छन् :**
एउटा यसबाट नली साँघुरो हुन्छ । यसले गर्दा त्यो भागमा रगत कम पुग्छ, र सम्बन्धित अङ्ग कमजोर हुन थाल्छ। दोस्रो, नली पूरै बन्द हुन्छ। यसो हुँदा रगत र अक्सिजन नपुगेर त्यो अङ्ग मर्न थाल्छ । तेस्रो भनेको नली कमजोर भएर फुट्छ। त्यतिबेला शरीरभित्रै रक्तस्राव हुन्छ, जुन ज्यानका लागि घातक हुन सक्छ। तर राम्रो कुरा के भने यो रोग धेरै कम मानिसमा मात्र देखिन्छ। नराम्रो कुरा के भने देखियो भने यो गम्भीर हुनसक्छ। त्यसैले समयमै चिन्नु र डाक्टरकहाँ पुग्नु नै सबैभन्दा ठूलो कुरा हो।

**यो रोग किन लाग्छ ?**
साँचो भन्नुपर्दा, धेरैजसो अवस्थामा यो किन लाग्छ भन्ने ठ्याक्कै कारण थाहा हुँदैन। शरीरको सुरक्षा प्रणाली किन अचानक आफ्नै रक्तनली माथि बिग्रिन्छ, त्यो अझै पूरै बुझिएको छैन। तैपनि केही कुराहरुले यो रोगलाई निम्त्याउन वा बढाउन सक्छ। कलेजोको सङ्क्रमण (हेपाटाइटिस बी वा सी) जस्ता केही सङ्क्रमणहरू भएको अवस्थामा, केही औषधिको प्रतिक्रिया भएमा र कहिलेकाहीँ क्यान्सरसँग पनि सम्बन्धित हुनसक्छ । केही व्यक्तिमा सङ्क्रमण वा खोपपछि पनि यो देखिएको रिपोर्ट छ, तर यस्तो निकै कम हुन्छ। त्यसको डरले खोप छोड्नु हुँदैन । खोपको फाइदा यस्ता दुर्लभ जोखिमभन्दा निकै ठूलो हुन्छ।

**रोगका प्रकार र लक्षण के के हुन् ?**
भास्कुलाइटिसले शरीरका कुन आकारका रक्तनलीलाई असर गरेको छ, त्यसै अनुसार लक्षण फरक हुन्छन् । मुख्यतया तीन किसिम छन् तर लक्षणको सूचीमा अल्झिनुभन्दा एउटै कुरा सम्झनुपर्छ। तल उल्लिखित कुनै पनि लक्षण देखिए ढिलो नगरी डाक्टरलाई देखाउनुपर्छ।

**सानो रक्तनलीको सुजन**
यसको सबैभन्दा चिन्न सजिलो लक्षण हो। यसमा छालामा, खासगरी खुट्टातिरबाट सुरु भएर देखिने गाढा राता साना थोप्ला वा धब्बा (दबाउँदा पनि नहराउने) देखिन्छ । यसले भित्री अङ्गलाई पनि असर गर्छ । फोक्सोमा परेमा लगातार खोकी, खकारमा रगत, सास फेर्न गाह्रो हुन्छ भने मिर्गौलामा परेमा पिसाबमा रगत वा फिँज देखिने। यो खतरनाक छ, किनभने पत्तै नपाई मिर्गौला बिग्रन सक्छ। यो समस्या बालबालिकामा बढी देखिन्छ (बच्चामा हुने एक सामान्य प्रकारलाई 'हेनोक–शोनलाइन परप्युरा' वा 'आइजिए भास्कुलाइटिस' भनिन्छ, जुन प्रायः आफैँ निको हुन्छ)। तर वयस्कमा देखिए कडा हुनसक्छ।

**मध्यम रक्तनलीको सुजन**
यसले भित्री अङ्गमा रगत पु-याउने मध्यम आकारका नलीलाई असर गर्छ । यसका लक्षणहरुमा धेरै दिनसम्म ज्वरो, शरीर गल्नु, तौल घट्नु, छालामा कडा गिर्खा (डल्ला) आउनु, ती बिग्रिएर निको नहुने घाउ बन्न पुग्छ। कहिलेकाहीँ हातखुट्टाका औँलामा रगत पुग्नै छोडेर औँला काला भई सुक्ने र मर्ने अवस्था आउन (यसलाई ग्याङ्ग्रिन भनिन्छ–अङ्ग सडेर मर्ने अवस्था) सक्छ।

**ठूलो रक्तनलीको सुजन**
यसले शरीरका ठूला रक्तनलीलाई असर गर्छ र प्रायः ५० वर्षभन्दा माथिका मानिसमा देखिन्छ। यसका केही लक्षण तुरुन्त उपचार चाहिने आपत्कालीन अवस्था हुन्। यसमा नयाँ किसिमको टाउको दुखाइ, खासगरी कन्चटतिर बढी दुख्छ। कपाल कोर्दा वा छाला छुँदा टाउकोको छाला दुख्ने, केही बेर चपाएपछि बङ्गारा दुख्ने वा गल्ने हुन्छ । यो भास्कुलाइटिसको निकै महत्वपूर्ण सङ्केत हो । अचानक आँखा धमिलो हुनु वा देख्नै छोड्ने हुनसक्छ। यो आपत्कालीन हो किनभने ढिलो भए स्थायी अन्धोपन हुनसक्छ। हात माथि उठाउँदा वा हिँड्दा हातखुट्टा गल्ने हुन्छ।
माथि उल्लेख गरिएका अवस्था देखिएमा बिरामीलाई तुरुन्त अस्पताल लैजानुपर्छ। खासगरी अचानक आँखा धमिलो हुनु वा नदेख्ने, सास फेर्न साह्रै गाह्रो हुनु वा खकार÷थुकमा रगत आउने, पिसाबमा रगत देखिने, शरीरको एकातिर अचानक कमजोर हुनु, बोली लर्बराउनु वा अनुहार बाङ्गिएमा (पक्षघातको सङ्केत), औँला वा अङ्ग काला हुँदै गएमा तुरुन्तै अस्पताल जानुपर्छ।

**डाक्टरले कसरी पत्ता लगाउँछन् ?**
यो रोग चिन्न डाक्टरलाई पनि गाह्रो हुन्छ, किनभने सुरुका लक्षण सामान्य पेट दुखाइ, ज्वरो वा छालाको एलर्जीजस्तै देखिन्छन् । त्यसैले एउटै जाँचले पुग्दैन। डाक्टरले विभिन्न तरिका मिलाएर निष्कर्षमा पुग्नुपर्ने हुन्छ। रगत जाँच गरी शरीरमा सुजन छ कि छैन हेर्न जस्तै 'इएसआर' र 'सिआरपी' नामका जाँच), रगतको कमी छ कि भनेर हेर्न सकिन्छ । मिर्गौला, कलेजोजस्ता अङ्गको जाँचबाट कुन अङ्गमा असर परेको छ थाहा पाउन सकिन्छ। 'बायोप्सी' गरी रोग पक्का गर्न शरीरको सानो टुक्रा झिकेर सूक्ष्मदर्शकमा हेरेर अवस्था पत्ता लाग्दछ । त्यस्तै 'इमेजिङ÷एन्जियोग्राम' गरेर रक्तनली साँघुरो वा बन्द भएको छ कि भनेर थाहा हुन्छ। नेपालमा यी सबै सुविधा खासगरी काठमाडौँबाहिर सजिलै नपाइन सक्छ । त्यसैले लक्षण देखिए सकेसम्म चाँडो विशेषज्ञ भएको ठूलो अस्पताल पुग्नु राम्रो हुन्छ।

**उपचारः के गर्न मिल्छ, के गर्न हुँदैन ?**
यो रोग पूरै निको नहोला, तर समयमै उपचार सुरु गरे राम्ररी नियन्त्रणमा राख्न सकिन्छ, र अङ्गलाई बिग्रनबाट जोगाउन सकिन्छ । धेरै बिरामी औषधिको सहायताले सामान्य जीवन बिताउँछन्। औषधिको प्रयोगः यसमा डाक्टरले दिने औषधि भनेको स्टेरोइड हो, जसले सुजन छिटो घटाउन मद्दत गर्दछ। यो सुरुमा बढी मात्रामा दिइन्छ, अनि रोग नियन्त्रणमा आएपछि बिस्तारै घटाइन्छ । आफैँ अचानक छोड्नु हुँदैन । अर्को इम्युनोसुप्रेसिभ औषधि हो । यसले अति सक्रिय भएको सुरक्षा प्रणालीलाई शान्त पार्ने काम गर्दछ, जसले रोग दोहोरिन दिँदैन। त्यस्तै अर्को बायोलोजिक औषधि हुन्छ । नयाँ किसिमको लक्षित यो औषधि केही खास प्रकारका भास्कुलाइटिसमा प्रयोग गरिन्छ।

पेनकिलरको प्रयोग नगर्नेः नेपालमा जीउ दुख्नासाथ डाक्टरलाई नसोधी मेडिकलबाट किनेर दुखाइको औषधि (पेनकिलर) खाने बानी छ। यसमा सबैभन्दा ठूलो चेतावनी भनेको बिरामीले दुखाइ कम गर्ने नाममा आफैँ पेनकिलर खानु हुँदैन। यो साह्रै जोखिमपूर्ण हुन सक्छ किनभने पेनकिलरले केही बेर दुखाइ मात्र दबाउँछ, रोग निको पार्दैन, उल्टो रोग भित्रभित्रै बढिरहन्छ। लामो समय खाँदा पेटमा घाउ हुने, र कलेजो तथा मिर्गौला बिग्रने डर हुन्छ। त्यसैले दुखाइ भए लुकाएर औषधि खानुको सट्टा डाक्टरलाई देखाउनुपर्छ । फिजियोथेरापी उपयोगीः कहिलेकाहीँ यो रोगले नसामा असर गरेर हातखुट्टा चलाउन गाह्रो हुन्छ वा जोर्नी अररो हुन्छ। यस्तो बेला औषधिले मात्र पुग्दैन। फिजियोथेरापी (विशेष व्यायाम र विधिमार्फत गरिने उपचार) ले मांसपेशी फेरि बलियो बनाउन, जोर्नी नचल्ने हुनबाट जोगाउन र रक्तसञ्चार सुधार्न मद्दत गर्छ । डाक्टरले सुझाएमा यो नियमित गर्न सकिन्छ।
**मन र परिवारको भूमिका महत्वपूर्णः** लामो समय रहने दुखाइ र रोगको चिन्ताले बिरामीलाई शरीरमा मात्र होइन, मनमा पनि असर पार्छ। निराशा लाग्ने, रिस उठ्ने, निद्रा नलाग्ने वा आत्मविश्वास घट्ने हुनसक्छ। काम गर्न नसक्दा घरमा आर्थिक र भावनात्मक तनाव पनि आउँछ । यस्तो बेला परिवारले बिरामीलाई दोष दिनु हुँदैन। किन यस्तो भयो, तिमीले ध्यान दिएनौँ भन्नुको सट्टा साथ दिने, बुझाउने, र आशा जगाउनेजस्ता सकारात्मक भाव जागृत गराउनुपर्छ। यसले उपचारमा निकै सहयोग पुग्दछ।

**नेपालमा कहाँ उपचार पाइन्छ ?**
बाथ र रक्तनलीको रोग हेर्ने विशेषज्ञ डाक्टरलाई रुमाटोलोजिस्ट (बाथरोग विशेषज्ञ) भनिन्छ । नेपालमा यस्ता विशेषज्ञ निकै थोरै छन्, र अधिकांश काठमाडौँमै छन् । सरकारी अस्पतालमध्ये पाटन अस्पताल र त्रिवि शिक्षण अस्पतालमा यो सेवा उपलब्ध छ। लक्षण मिल्दा सामान्य डाक्टरले पनि सुरुमा हेरेर विशेषज्ञकहाँ पठाउन सक्छन्।

**घरमा ध्यान दिने केही कुरा**
हल्का व्यायामः बिहान हिँड्ने, हल्का योग र सास फेर्ने अभ्यास (प्राणायाम) ले शरीर सक्रिय राख्छ। तर डाक्टरको सल्लाहअनुसार मात्र गर्नुपर्छ। राम्रो खानाः ताजा, पोषणयुक्त खाना खानुपर्छ । धेरै चिल्लो, धेरै नुनिलो र फास्टफुड खाना खानु हुँदैन। अन्धविश्वासमा नपर्नुः धेरै बिरामी सुरुमा झारफुक वा घरेलु उपचारमा मात्र अल्झेर रोग गम्भीर भएपछि बल्ल अस्पताल आउँछन्। त्यतिबेलासम्म भित्री अङ्ग बिग्रिसकेका हुनसक्छ। लक्षण देखिनासाथ डाक्टरलाई देखाइहाल्नुपर्छ । नियमित जाँच (फलोअप): डाक्टरले भनेको समयमा गई रगत, मिर्गौला र कलेजोको जाँच गराउनुपर्छ र औषधि आफैँ बदल्नु हुँदैन।

निष्कर्ष
रक्तनलीको सुजन (भास्कुलाइटिस) सुन्दा डरलाग्दो भए पनि निराश हुनु पर्दैन । समयमै चिनेर, विशेषज्ञलाई देखाएर र नियमित उपचार गरे यो रोगलाई राम्ररी सम्हाल्न सकिन्छ। आफैँ पेनकिलर खाएर रोग लुकाउनुको सट्टा सही समयमा सही ठाउँमा उपचार लिनुपर्छ । त्यही नै सबैभन्दा बुद्धिमानी कदम हो। (लेखक पाटन अस्पतालका नसा रोग विशेषज्ञ हुनुहुन्छ) रासस

# पोखरा महानगरको योजनाः फिर्केको दायाँबायाँ 'फुटट्रेल', 'एलइडी'ले सजाइने

कृष्ण दवाडी



**कास्की।**
पोखरा महानगरपालिका विगत लामो समयदेखिको प्रयासपछि फिर्केको अतिक्रमण हटाउन सफल भएको छ । बजारको मध्यभाग भएर बग्ने यस खोलाको अतिक्रमण हटाउने योजना अघिल्लो कार्यकालकै जनप्रतिनिधिको थियो । तत्कालीन प्रमुख मानबहादुर जिसीले डोजर चलाएर सुरुआतसमेत गर्नुभएको थियो । तर त्यो काम एक दिनपछि अघि बढ्न सकेन । फिर्के मापदण्डको विरोधमा स्थानीयले न्यायालयसम्म गुहारेका थिए । यसलगायत विविध कारणले अतिक्रमण हटाउने प्रयास सफल हुन सकेको थिएन । अहिले भने पोखरा महानगरपालिकाले सङ्घीय सरकारको समेत बलियो साथ पाएपछि फिर्केको खोलाघर हटाउने कार्य आइतबारदेखि सुरु गरेको। पहिलो दिन शान्तिपूर्ण रुपमा सो कार्य सम्पन्न भयो । खोलघरमा निजी÷व्यक्तिगत स्थायी ३५ र अस्थायी ९७ संरचना बनेका छन् । यसैगरी संस्थागत स्थायी १८ र अस्थायी १० वटा संरचना छन्।
महानगरले अतिक्रमण हटाउने कार्य निरन्तर अभियानका रूपमा चल्ने जनाएको छ। स्थानीयले समेत खोलाघर हटाउने कार्यमा महानगरलाई साथ दिएका छन्। खोलाघरमै बनेका संरचना हटाउनपर्छ भने पनि त्यसपछिको मापदण्डको भने स्थानीयले विरोध गरेका छन्। फिर्के मापदण्ड छ मिटर वैज्ञानिक र व्यवहारिक नभएको गुनासो फिर्के क्षेत्रका नागरिकको छ । फिर्केको खोलाघर खाली गरेपछि महानगरले फिर्के करिडोर परियोजना सुरु गर्ने योजना बनाएको छ। यस परियोजनाका लागि दातृ निकायबाट सहयोग प्राप्त हुने महानगरले जनाएको छ । पोखरालाई 'हरित, स्वच्छ, आधुनिक र विश्वस्तरीय नदी–करिडोर सहर' का रूपमा स्थापित गर्ने दूरदर्शी अभियान फिर्के करिडोर परियोजना रहेको महानगर प्रमुख धनराज आचार्यले बताए।
प्रमुख आचार्यका अनुसार फिर्के करिडोरको मुख्य अवधारणामा फिर्के खोलाको दायाँ–बायाँ कम्तीमा छ मिटर मापदण्ड कायम गर्दै व्यवस्थित फुटट्रेल, सुरक्षित साइकल लेन, 'मर्निङ' तथा 'इभिनिङ' वाकका लागि आकर्षक पदमार्ग निर्माण गरिनेछ । 'फिर्के खोलालाई प्राकृतिक सौन्दर्य, पर्यावरणीय सन्तुलन, पर्यटन र नागरिक जीवनशैलीसँग जोडेर नयाँ सहरी पहिचान दिने लक्ष्य राखिएको छ।
खोलाको प्राकृतिक बहाव संरक्षण गर्दै दुवै किनार हरियाली बेल्ट, रैथाने बोटबिरुवा, ढुङ्गे तटबन्ध, स्मार्ट एलइडी लाइटिङ तथा वातावरणमैत्री सार्वजनिक खुला क्षेत्रले सजाइनेछ,' महानगर प्रमुख आचार्यले भने । करिडोरभित्र ठाउँठाउँमा पोखरेली शैलीमा विश्रामस्थल, कफी पोइन्ट तथा खुला क्याफे, सेल्फी पोइन्ट र दृश्यावलोकनस्थल, सानो खुला पार्क तथा बस्ने चौतारी, सांस्कृतिक तथा कलात्मक संरचना, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री खुला क्षेत्र निर्माण गरिने महानगरको योजना छ।
'फिर्के करिडोरलाई केवल हिँड्ने बाटो होइन, जीवनशैली र मनोरञ्जनको सार्वजनिक गन्तव्य बनाउने छौँ । यो भविष्यको पोखराको नयाँ सहरी पहिचान बन्नेछ, जहाँ प्रकृति, आधुनिक पूर्वाधार, पर्यटन, स्वास्थ्य, वातावरण र नागरिक जीवनशैलीको सुन्दर सङ्गम हुनेछ,' आचार्यले भने।
पोखरा गणेशटोलका लोकनाथ भण्डारी खोलाघर भत्काइसकेपछि उचित व्यवस्थापन र दिगो विकास योजना ल्याउनुपर्ने बताउँछन् । 'फिर्केखोला खाली गर्ने कार्यमा हामी स्थानीयको सहयोगनै छ। तर मापदण्डको नाममा व्यक्तिको जमिनमा मनपरि मापदण्ड लागू गर्न पाइँदैन । महानगरलाई आवश्यक परे मुआब्जा दिनुपर्दछ। फिर्के वरपरका संरचना भत्काइसकेपछि यसको व्यवस्थित विकासको योजना ल्याउनुपर्छ', भण्डारीले भने।
पोखरा १८ अधेरिकुनादेखि वडा न २–४–५–७–८–१७ हुँदै वडा नं ६ स्थित पर्यटकीय गन्तव्य फेवाताल–गाईघाटसम्म फैलिएको फिर्के आठ किमी लामो छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# डिजिटल प्लेटफर्मबारे संसदीय समितिमा मन्त्री गौतमले गराइन् जानकारी



**काठमाडौं ।**
कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सरकारले कानून निर्माणमा नागरिकलाई सहभागी गराउनका लागि डिजिटल प्लेटफर्म ल्याइएको जानकारी संसदीय समितिमा गराएकी छिन् ।
सोमबार बसेको कानून, न्याय तथा संसदीय समितिको बैठकमा यसबारे जानकारी गराउँदै उनले प्रयोग विधिबारे पनि जानकारी गराइन् ।
जुनसुकै कानूनबारे जानकारी गराउन र आवश्यक लागेका संशोधनहरूबारे अब वेबसाइटबाटै काम गर्न सकिनेगरी काम अघि बढाइएको उनले बताइन् ।
कतिपय सांसदहरूले चारपटकमा बल्ल संसद्मा बोल्ने पालो आउने र त्यो बेलामा धेरै कानून संशोधनका कुरा एकैपटक उठाउन अप्ठेरो भएको गुनासो गर्ने गरेकाले यो प्लेटफर्म अझै सहज हुने उनको भनाइ छ ।
'कानुनहरू खोज्नुप¥यो भने कहाँ गएर खोज्ने ? कसरी थाहा पाउने ? भन्ने चिन्ता छ । मन्त्रालयले अहिले तीनै तहका मौजुदा, संशोधित कानुनलाई एकै ठाउँमा संकलन गर्ने काम हामीले गरिरहेका छौं,' उनले भनिन् ।रासस

# तीन सय ३८ स्थानीय तहबाट भू–उपयोग वर्गीकरण



**काठमाडौँ ।**
देशभर तीन सय ३८ स्थानीय तहले भू–उपयोग वर्गीकरण गरेका छन् । भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले गत चैत मसान्तसम्म ती स्थानीय तहले वर्गीकरण सम्पन्न गरेका हुन् । ती स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत सकेका हुन् ।
देशभरका एक सय ६९ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण सङ्कलन तथा नक्सा अद्यावधिक गरेको जनाइएको छ । विभिन्न कारणले ४७ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका थिएनन् ।
त्यसैगरी १५ स्थानीय तहले कृषि क्षेत्रको मापदण्ड तयार गरी विवरण तयार गरेको जनाइएको छ । भू–उपयोग वर्गीकरणको आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेका १३४ स्थानीय तह छन् । आधार तथा मापदण्ड तयार गर्दै गरेका ५० स्थानीय तह छन् ।
भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको जानकारी दिए ।
कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ । स्थानीय तहलाई भू–उपयोग वर्गीकरणका लागि यही असार मसान्तसम्म समय अवधि तोकिएको छ ।रासस

# लुम्बिनीको नीति तथा कार्यक्रमः सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधार प्राथमिकता

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधारलाई केन्द्रविन्दुमा राखेर नयाँ योजनाहरू अघि सारेको छ । प्रदेश सरकारले सोमबार प्रदेश सभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा प्रशासनिक सुधारको कामलाई प्रमुख प्राथमिकतामा राखिएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्तिमगरले प्रदेशसभाको आठौँ अधिवेसनको छैटौँ बैठकमा आर्थिक वर्ष २०८३ ÷८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।



**यस्ता छन् नीति तथा कार्यक्रम**
**मन्त्रालयको सङ्ख्या १२ बाट घटाएर आठ बनाइने**
नीति तथा कार्यक्रमको सबैभन्दा ठूलो प्रशासनिक सुधारअन्तर्गत लुम्बिनी प्रदेश सरकारले हाल कायम रहेका १२ मन्त्रालयलाई पुनर्संरचना गर्ने घोषणा गरेको छ । आगामी २०८३ साउन १ गतेदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित जम्मा आठ वटा मन्त्रालय मात्र कायम गरिने नीति लिइएको छ । सरकारको काम कारबाहीलाई चुस्त, मितव्ययी र प्रभावकारी बनाउन यो कदम चालिएको हो ।
एक पालिका एक अग्र्यानिक बाली
कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि प्रादेशिक कृषि ऐनको तर्जुमा गरिने भएको छ । मानव स्वास्थ्य र पोषण सुरक्षाका लागि स्थानीय तहसँगको सहकार्यमा एक पालिका एक अग्र्यानिक÷रैथाने बाली उत्पादन को नीति अवलम्बन गरिनेछ ।
यसैगरी, कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन प्रदेशका विभिन्न जिल्लामा विशिष्टीकृत स्रोत केन्द्रहरू स्थापना गरिनेछ । नीति तथा कार्यत्रलममा कपिलवस्तुमा प्रादेशिक वागवानी स्रोत केन्द्र, अर्घाखाँचीमा बाख्रा स्रोत केन्द्र, गुल्मीमा पहाडी फलफूल स्रोत केन्द्र, प्यूठानमा तरकारी बीउ स्रोत केन्द्र र रुकुम पूर्वमा आलु बीउ स्रोत केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइने उल्लेख छ ।
सीमान्तकृत, विपन्न, मुक्तकमैया, मुक्तकम्लहरी, भूमिहीन, दलित लगायतका समुदायको जीवनस्तर सुधार गर्न रोजगारी तथा आयआर्जन अभिवृद्धि हुनेगरी बगर खेती, सामूहिक खेती तथा पशुपन्छीपालन लगायतका लक्षित समुदाय विशेष कृषि कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
आजको सहुलियत, भोलिको समृद्धि भन्ने मूल मर्मका साथ सुलभ कर्जा तथा ब्याजमा अनुदान कार्यक्रमलाई थप सरलीकृत गरी जिल्लास्थित कार्यालयबाटै कृषि बाली वस्तु क्षेत्रमा ब्याज अनुदान उपलब्ध गराइने, प्रदेशस्थित हुलाकी मार्ग आसपासका क्षेत्रमा मासु र दुग्धजन्य उत्पादन वृद्धिका लागि भैँसी प्रवद्र्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ । कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, सालझन्डी–सन्धिखर्क–ढोरपाटन सडक, गोरुसिङ्गे–सन्धिखर्क सडक, दाङ–प्युठान सडक, चकचके–रोल्पा सडक, सहिद मार्ग र पूर्व–पश्चिम राजमार्गहरूको आसपासका लुम्बिनी प्रदेश भित्रका सम्भाव्य क्षेत्रमा अलैँचीलगायत उच्च मूल्यका बाली वस्तुको पहिचान गरी उत्पादन तथा बजारीकरणका कार्यक्रम सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने उल्लेख छ ।
डिजिटल लुम्बिनी र उद्यमशील लुम्बिनी अभियान
प्रदेश सरकारले उद्यमशील लुम्बिनी र डिजिटल लुम्बिनी अभियानलाई रुपान्तरणकारी कार्यक्रमका रुपमा सञ्चालन गर्ने भएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि र अन्य उद्यममा आकर्षित गर्न प्रविधि र स्टार्टअप सहयोग सहितका कार्यक्रम ल्याइनेछ । महिलाहरूलाई आर्थिक रुपमा सक्षम बनाउन लुम्बिनीका महिलाः उद्यमशीलतामा पहिला कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।
एकीकृत पर्यटन डिजिटल प्रचार
नेपाल सरकारले घोषणा गरेको भिजिट नेपाल २०८५ बाट लाभ लिन एकीकृत पर्यटन डिजिटल प्लेटफर्ममार्फत प्रचारप्रसार गरिनेछ । प्रदेशको पर्यटन विकासका लागि लुम्बिनी, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोडेर सिल्भर ट्रिङ्गल का रूपमा विकास गरिने नवीन योजना अघि सारिएको छ । साथै साहसिक पर्यटनका लागि रोल्पा र रुकुम पूर्वको पुथा हिमालमा बेसक्याम्प र पदमार्ग निर्माण गरिनेछ । कोइलाबासदेखि गोरक्षरत्ननाथ मन्दिर हुँदै स्वर्गद्वारीसम्म धार्मिक तथा सांस्कृतिक पथको रुपमा विकास गरिने, लुम्बिनीदेखि मुक्तिनाथसम्म धार्मिक परिपथका रुपमा प्रवद्र्धन गरिने उल्लेख छ ।
**पूर्वाधार र सामाजिक सुरक्षा**
पूर्वाधारतर्फ अधुरा आयोजनाहरूलाई छिटो सम्पन्न गर्न 'अधुराः गर पूरा' को नीति लिइनेछ । प्रदेश सरकारले सुरु गरेका सघन खानेपानी विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै 'एक घरः एक धारा' को सङ्कल्प कार्यान्वयन गरिने, खानेपानीको क्षेत्रमा बजेट विनियोजन गर्दा 'अधुराः गर पूरा' को नीति अवलम्बन गरी असी प्रतिशत कार्य सम्पन्न भइसकेका आयोजनालाई उच्च प्राथमिकतामा राखी पूरा गर्ने कार्य अघि बढाइने नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ ।
लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूका प्रमुख आर्थिक केन्द्रहरूलाई समेटी गण्डकी र कर्णाली प्रदेशलाई समेत जोड्ने प्रदेश गौरवको आयोजनाको रुपमा रहेको रामपुर–कपुरकोट सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्यलाई निरन्तरता दिइने उल्लेख छ । झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकतामा राख्ने, १२० मिटरभन्दा छोटा झोलुङ्गे पुल निर्माण गर्न स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराइने छ ।
वर्षे पानी सङ्कलनका लागि स्थानीय तहसँगको समन्वयमा कृत्रिम पोखरी, पुराना ताल तथा पोखरीको निर्माण र संरक्षण गर्न 'एक वडा एक पोखरी' कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिने, पहाडका जिल्लामा छरिएर रहेका बस्तीलाई एकीकृत गर्न र बसाइँसराइलाई निरुत्साहित गर्न घनाबस्ती र सहरोन्मुख क्षेत्रहरूमा बस्ती विकास तथा सहरी पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिने, एक जिल्ला, एक नमूना बस्ती कार्यक्रमअन्तर्गत प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एउटा नमूना बस्ती विकासका लागि स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिने उल्लेख छ ।
वन्यजन्तुबाट हुने सबै प्रकारका क्षतिका लागि राहत वितरण र बाली बिमा कार्यक्रमलाई निरन्तरता दिइने, घाइते र बिरामी वन्यजन्तुको संरक्षण गर्न उद्धार केन्द्र सञ्चालनमा ल्याई उद्धार एम्बुलेन्स सेवा सुरु गरिने उल्लेख छ । दलित, जनजाति, अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत समुदायको शिक्षामा पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालय सुदृढीकरणका लागि 'मेरो विद्यालय, मेरो दायित्व' अभियान विस्तार गरिने, प्राविधिक तथा उच्च शिक्षाको विकाससँगै लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई उत्कृष्ट केन्द्रका रूपमा विकास गरिने नीति लिइने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै, सीपमूलक रोजगारी प्रवद्र्धनका लागि प्रदेशभर स्किल्स म्यापिङ सुरु गरिने र सामाजिक रूपले पछाडि परेका समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।
**स्वास्थ्यमा प्राथमिकता**
सुरक्षित मातृत्व अभियानलाई निरन्तरता दिँदै दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स र हवाई उद्धार सेवा सञ्चालन गर्ने भएको छ । सुरक्षित प्रसूति सेवा विस्तार, ग्रामीण अल्ट्रासाउन्ड सेवा तथा जनसङ्ख्या नीति कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । 'नेपाल आरोग्य वर्ष २०२७' अन्तर्गत योग, ध्यान र मानसिक स्वास्थ्य प्रवद्र्धन कार्यक्रम अघि बढाइनेछ । प्रदेशका प्रमुख अस्पतालहरूको स्तरोन्नति, जलन, डायलाइसिस, क्यान्सर र मुटु रोग उपचार सेवाको विस्तार गरिने, डिजिटल स्वास्थ्य सूचना प्रणाली, मोबाइल एप र सामुदायिक स्वास्थ्य अभिलेख प्रणाली सुदृढ गरिने, आयुर्वेद र वैकल्पिक चिकित्साको प्रवद्र्धनसँगै स्वास्थ्यकर्मीको क्षमता विकास र दुर्गम क्षेत्रमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारले जनाएको छ । स्वास्थ्य क्षेत्रमा राप्ती प्रादेशिक अस्पताललाई २०० शय्याको अस्पतालमा स्तरोन्नति गरिनेछ भने लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा जलन उपचार सेवा विस्तार गरिनेछ ।
**सेवा प्रवाहलाई सरलिकृत बनाइने**
लुम्बिनी प्रदेश सरकारले सेवा प्रवाहलाई छिटो, सरलीकृत र प्रविधिमैत्री बनाउन डिजिटल टोकन, फाइल ट्र्याकिङ र एकल विन्दु सेवा प्रणाली लागू गर्ने भएको छ । सुशासन प्रवद्र्धनका लागि प्रदेश सदाचार नीति तर्जुमा, तथ्यमा आधारित नीति निर्माण र तथ्याङ्क प्रणाली सुदृढीकरण गरिनेछ ।
कर्मचारी प्रशासनलाई पारदर्शी बनाउन सरुवा–बढुवा प्रणाली सुधार, प्रदेश किताबखाना स्थापना र डिजिटल अभिलेखीकरण गरिनेछ । आयोजना बैङ्कमार्फत योजना छनोट र बजेट व्यवस्थापनलाई व्यवस्थित गरिनेछ । प्रदेश लोक सेवा आयोग सुदृढीकरण र अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाइने सरकारको नीति रहेको छ ।
कर्मचारी तथा शिक्षकहरूको वैयक्तिक विवरण विद्युतीय माध्यमबाट राख्न प्रदेश किताबखाना र सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका कर्मचारीहरूको अवकाश भुक्तानीका लागि प्रदेश निवृत्तिभरण कोष को स्थापना गरिने नीति कार्यक्रममा समेटिएको छ ।रासस

# कानुनी अस्पष्टताका कारण बेरुजु बढ्योः सचिव भुजेल

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले भूमि मन्त्रालयको बेरुजु खर्चभन्दा पनि राजस्व असुली प्रक्रियासँग जोडिएको बताएका छन् ।
सोमबार सार्वजनिक लेखा समितिमा उनले मन्त्रालयले वार्षिक करिब ५० अर्ब रुपैयाँ राजस्व सङ्कलन गर्ने भए पनि आयकर, पुँजीगत लाभकर तथा जग्गा कारोबारसम्बन्धी कानुनी अस्पष्टताका कारण बेरुजु बढेको बताए ।
जग्गा बिक्रीलाई व्यवसाय मान्ने कि घरायसी कारोबार मान्ने भन्ने विषयमा महालेखा परीक्षकको कार्यालय र कर्मचारीबिच मतभेद



रहँदा केही बेरुजु बढ्न गएको उनले बताए ।
सचिव भुजेलले धोबीखोला करिडोर अतिक्रमणसँग सम्बन्धित १ अर्ब ९७ करोड रुपैयाँ बराबरको बेरुजु रहेको बताउँदै यस्ता विषय समाधानका लागि सार्वजनिक लेखा समितिमार्फत नीतिगत निकास आवश्यक रहेको बताए ।
उनका अनुसार साबिकको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत बेरुजु १३ अर्ब २४ करोड नाघेको छ । कुल बेरुजुमध्ये ७ अर्ब १२ करोड रुपैयाँ नियमित गर्नुपर्ने, ६ अर्ब ३ करोड रुपैयाँ असुल गर्नुपर्ने तथा १२ करोड ५६ लाख रुपैयाँ पेस्की बाँकी रहेको छ । चालू आर्थिक वर्षमा भने केवल ३६ करोड १५ लाख ६० हजार रुपैयाँ मात्रै फस्र्यौट भएको र यो कुल बेरुजुको २.७३ प्रतिशत मात्र रहेको उनले जानकारी दिए । रासस

## हुलाकमार्फत सरकारी

# 'कुरियर' सेवा साठी जिल्लामा विस्तार

**काठमाडौँ ।**
सरकारले सार्वजनिक सेवा प्रवाहलाई नागरिकको घरदैलोमै पु¥याउने उद्देश्यले सुरु गरेको सरकारी 'कुरियर' सेवा अहिले देशका ६० जिल्लामा विस्तार भएको छ ।
हुलाक सेवा विभागले सरकारी सेवा वितरण प्रणालीलाई 'डिजिटल' र व्यवस्थित बनाउने प्रयासस्वरूप राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स), शैक्षिक प्रमाणपत्रलगायत कागजात घरमै पु¥याउने कार्य तीव्र बनाएको जनाएको हो । विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार प्रारम्भिक चरणमा केही जिल्लाबाट असहयोग भए पनि अहिले अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा सञ्चालन हुन थालेको छ ।
तल्लो तहसम्मै संयन्त्र परिचालन गरेर सेवा विस्तार गरिरहेका छौँ । नागरिकले सरकारी कागजात लिन कार्यालय धाउनुपर्ने बाध्यता क्रमशः घट्दै गएको छ, उनले भने ।
विभागका अनुसार कार्यक्रम सुरु भएयता हालसम्म २८ हजार १६९ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ । तीमध्ये एक हजार ६३५ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको छ । जिल्ला प्रशासन कार्यालयहरूमा राहदानी आवेदन दिने क्रममा नै सेवाग्राहीको ठेगाना सङ्कलन गर्न थालिएकाले वितरण प्रक्रिया थप सहज बनेको विभागको भनाइ छ ।
यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग विस्तार हुँदै गएको छ । यही जेठ ८ गतेसम्ममा चार लाख ७० हजार ८८१ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइएको छ भने ६७१ वटा लाइसेन्स घरमै पु¥याइएको विभागले जनाएको छ ।
सरकारी कागजात वितरणमा मात्र सीमित नरही हुलाक विभागले शिक्षा र स्वास्थ्य क्षेत्रसँग समेत सहकार्य बढाएको छ । हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा ४८८ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको विभागले जनाएको छ । सुर्खेत, बाँके र काठमाडौँबाट प्रयोगशाला नमूना ढुवानी सेवा सुरु गरिएको हो ।
नेपाल टेलिकमसँग सहकार्य गरी सिमकार्ड घरमै पु¥याउने सेवा सुरु गर्ने तयारी भइरहेको छ । मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ भने नेपाल खुला विश्वविद्यालयसँग शैक्षिक प्रमाणपत्र ढुवानीबारे छलफल जारी रहेको विभागले जनाएको छ ।
त्यसैगरी, राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग डाँक ढुवानीसम्बन्धी सम्झौताको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ । नेपाल टेलिकमबाट वितरण गरिने सामग्री हुलाकमार्फत ढुवानी गर्ने विषयमा पनि छलफल भइरहेको विभागले जानकारी दिएको छ । त्यस्तै, विभागले अब निजी क्षेत्रका सामग्री ढुवानी गर्ने विषयमा पनि छलफल अघि बढाएको जनाएको छ ।
अन्तरराष्ट्रिय कुरियर सेवातर्फ पनि उल्लेख्य प्रगति देखिएको विभागको दाबी छ । हवाई सेवा प्रदायक कम्पनीहरूसँग छलफल गरी थप देशसँग हुलाक पहुँच विस्तार गर्ने तयारी भइरहेको महानिर्देशक भट्टराईले बताए । सीमित स्रोतसाधनका बाबजुद सेवा प्रणालीमा स्तरोन्नति गर्ने काम भइरहेको उनको भनाइ छ ।
प्रणालीगत सुधारअन्तर्गत राहदानी विभागसँग प्रणाली अन्तरआबद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ । पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अघि बढाइएको विभागले जनाएको छ ।
सरकारले परम्परागत हुलाक सेवाको स्वरूप परिवर्तन गर्दै त्यसलाई आधुनिक सरकारी सेवा वितरण प्रणालीका रूपमा रूपान्तरण गर्न खोजिरहेको भए पनि सेवा अझै प्रारम्भिक चरणमै छ । अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा कार्यान्वयन हुन बाँकी रहेकाले वितरणको गति, पारदर्शिता र विश्वसनीयतामा सुधार आवश्यक देखिन्छ । तर, नागरिकलाई सरकारी सेवा घरमै पु¥याउने अवधारणाले भने प्रशासनिक पहुँचलाई थप सहज र आधुनिक बनाउने सङ्केत गरेको छ ।रासस

## रुबियोको भारत भ्रमणः

# व्यापार, क्वाड र रणनीतिक सहकार्यमा केन्द्रित



**नयाँदिल्ली ।**
अमेरिकी विदेशमन्त्री मार्को रुबियोको भारत भ्रमणले वासिङ्टन र नयाँदिल्लीबीच पछिल्ला महिनामा देखिएको व्यापार तनावबीच पनि रणनीतिक, आर्थिक तथा सुरक्षा सहकार्यलाई पुनः सुदृढ गर्ने प्रयासलाई अघि सारेको छ ।

भारत–अमेरिका सम्बन्धमा देखिएका अस्थायी असहमतिका बीच दुवै देशले दीर्घकालीन साझेदारीलाई अझ मजबुत बनाउने सङ्केत दिएका छन् ।

आइतबार नयाँदिल्लीमा भएको उच्चस्तरीय भेटवार्तामा रुबियोले प्रधानमन्त्री नरेन्द्र मोदी तथा विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करसँग व्यापार, ऊर्जा, रक्षा र समुद्री सुरक्षामा सहकार्य विस्तार गर्ने विषयमा जोड दिए । उनले दुई देश रणनीतिक रूपमा एकताबद्ध रहेको उल्लेख गर्दै व्यापक व्यापार सम्झौताप्रति सकारात्मक आशावाद व्यक्त गरे ।

रुबियोको चार दिने भारत भ्रमणको एउटा महत्त्वपूर्ण पक्ष क्वाडअन्तर्गत हुने छलफल पनि हो, जसमा भारत, अमेरिका, अस्ट्रेलिया र जापान सहभागी छन् । इन्डो–प्यासिफिक क्षेत्रमा सुरक्षा र स्थिरता कायम गर्न यो गठबन्धनलाई महत्त्वपूर्ण मञ्चका रूपमा लिइन्छ ।

हालका महिनामा भारत–अमेरिका सम्बन्धमा देखिएको व्यापारिक तनावले यस भ्रमणलाई थप अर्थपूर्ण बनाएको छ । अमेरिकी प्रशासनले भारतीय निर्यातमा लगाएको कडा शुल्क र त्यसमा भारतको रूसी तेल खरिदसम्बन्धी असहमतिको प्रभावले सम्बन्धमा केही असन्तुलन देखिएको थियो । उक्त कदमप्रति भारतीय पक्ष असन्तुष्ट बनेको र वासिङ्टनप्रति विश्वसनीयतासम्बन्धी प्रश्न उठेको बताइन्छ ।

पछि दुवै देशबीच अन्तरिम व्यापार व्यवस्था भएको छ । सोअन्तर्गत केही शुल्कहरू घटाइएका छन् र अमेरिकी ऊर्जा उत्पादनसहितका वस्तुहरूको भारतीय खरिद विस्तार गरिएको छ । यद्यपि, विस्तृत व्यापार सम्झौतासम्बन्धी वार्ता अझै निष्कर्षमा पुग्न सकेको छैन । तनावका बाबजुद रक्षा र प्रविधि क्षेत्रमा सहकार्य निरन्तर अघि बढिरहेको छ ।

वासिङ्टनले भारतलाई इन्डो–प्यासिफिक क्षेत्रमा चीनको प्रभाव सन्तुलन गर्ने प्रमुख साझेदारका रूपमा हेर्दै आएको छ । आइतबार जयशङ्करसँगको वार्तामा रुबियोले भारतलाई अमेरिकाको अत्यन्त महत्त्वपूर्ण रणनीतिक साझेदारका रूपमा उल्लेख गरेका थिए र छिट्टै द्विपक्षीय व्यापार सम्झौता टुङ्गोमा पुग्ने आशा व्यक्त गरेका थिए । उनले यसै वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीलाई वासिङ्टन भ्रमणका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणा पनि हस्तान्तरण गरेका छन् ।

क्वाडको भूमिकाबारे आगामी दिनमा हुने छलफललाई पनि यस भ्रमणले थप गति दिने अपेक्षा गरिएको छ । मङ्गलबार भारत, अस्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूसँग हुने बैठकमा समुद्री सुरक्षा, आपूर्ति शृङ्खला र क्षेत्रीय रणनीतिबारे छलफल हुने बताइएको छ । चीनले इन्डो–प्यासिफिक क्षेत्रमा आफ्नो सैन्य तथा आर्थिक प्रभाव विस्तार गरिरहेको सन्दर्भमा क्वाडलाई महत्त्वपूर्ण रणनीतिक सन्तुलनकारी मञ्चका रूपमा हेरिन्छ ।

विश्लेषकहरूका अनुसार, विशेषगरी इन्टरनेसनल क्राइसिस ग्रुपका वरिष्ठ विश्लेषक प्रवीण डोन्टीले चीनसँग सम्बन्धित अमेरिकी नीतिमा हुने कुनै पनि परिवर्तनले भारतको रणनीतिक महत्त्वमा असर पार्न सक्ने बताए । उनका अनुसार भारतको विश्वव्यापी भूमिका धेरै हदसम्म चीनलाई सन्तुलन गर्ने क्षमतासँग जोडिएको छ ।

यसैबीच इरान–सम्बन्धी युद्धले पनि भारतको ऊर्जा सुरक्षामा थप दबाब सिर्जना गरेको छ । हर्मुज जलघाँटीमार्फत हुने कच्चा तेल आपूर्तिमा देखिएको जोखिम र अन्तर्राष्ट्रिय बजारमा बढ्दो मूल्यले भारतीय अर्थतन्त्रमा थप चुनौती थपेको छ । विदेशमन्त्री जयशङ्करले भारतले ऊर्जा आपूर्तिकर्ता विविधीकरण गर्दै अमेरिका लगायत अन्य मुलुकबाट ऊर्जा आयात विस्तार गरिरहने बताएका छन् । उनका अनुसार भारतको उद्देश्य ऊर्जा बजारलाई स्थिर, खुला र उपभोक्तामैत्री बनाउनु हो ।

युक्रेन युद्धपछि भारतले रूसी कच्चा तेल छुटमा खरिद गर्दै आएको विषयले पनि वासिङ्टनसँग कहिलेकाहीँ असहमति पैदा गरेको छ । त्यसका बाबजुद अमेरिका भारतलाई ऊर्जा स्रोत विविधीकरण गर्न अमेरिकी तेल र ग्यास खरिद बढाउन आग्रह गर्दै आएको छ । रुबियोले पनि आफ्ना भेटवार्तामा ऊर्जा सहकार्यलाई उच्च प्राथमिकतामा राखेका छन् ।

आधिकारिक कूटनीतिक वार्ताका अतिरिक्त रुबियोको भारत भ्रमण सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको अवलोकनमा पनि केन्द्रित रहेको छ । उनले कोलकातास्थित मदर टेरेसाद्वारा स्थापित मिसनरीज अफ च्यारिटी मुख्यालयको भ्रमण गरेका छन् । साथै अमेरिकी स्वतन्त्रताको २५०औँ वार्षिकोत्सवको अवसरमा नयाँदिल्लीमा आयोजित विशेष समारोहमा पनि उनी सहभागी भएका थिए । भ्रमणका क्रममा उनले भारतका ऐतिहासिक सहर आगरा र जयपुरको पनि भ्रमण गर्नेछन् । यी सहर आफ्नो सांस्कृतिक सम्पदा, किल्ला र स्मारकका कारण विश्वभर प्रसिद्ध पर्यटन गन्तव्यका रूपमा चिनिन्छन् । रासस

# मध्यपूर्व तनाव कम हुने अपेक्षाले तेल बजारमा ठूलो गिरावट

**न्युयोर्क ।**
अमेरिका र इरानबीच शान्ति वार्ता अघि बढ्ने सम्भावनाको समाचारपछि अन्तर्राष्ट्रिय तेल बजारमा सोमबार नयाँ कारोबार सुरु हुँदा कच्चा तेलको मूल्य करिब ५ प्रतिशतले घटेको छ ।

मध्यपूर्व क्षेत्रमा तनाव कम हुने र आपूर्ति अवरोध घट्ने अपेक्षाले लगानीकर्ताहरूमा बिक्री दबाब बढेपछि बजारमा तुरुन्तै गिरावट देखिएको हो ।

जुलाई महिनामा आपूर्ति हुने पश्चिम टेक्सास मध्यवर्ती कच्चा तेल एक समय प्रति ब्यारेल ५.३५ अमेरिकी डलरले घटेर ९१.२५ अमेरिकी डलरमा पुगेको थियो, जुन करिब ५.५३ प्रतिशतको गिरावट हो । त्यस्तै ब्रेन्ट कच्चा तेल पनि ५.५७ अमेरिकी डलरले घटेर ९७.९७ अमेरिकी डलर प्रति ब्यारेलमा झरेको थियो, जुन करिब ५.३८ प्रतिशतको गिरावट हो ।




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानसँगको शान्ति सम्झौता धेरै हदसम्म टुंगिएको तर अन्तिम सहमतिका लागि अमेरिका, इरान तथा मध्यपूर्वका अन्य देशहरूबीच अझै छलफल बाँकी रहेको बताए ।

प्रस्तावित योजनाअनुसार ६० दिनको युद्धविराम विस्तार, हर्मुज जलडमरूमध्य पुनः खोल्ने, इरानलाई पुनः तेल बिक्री गर्न दिने र इरानको आणविक कार्यक्रमबारे वार्ता गर्ने विषय समावेश छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले हर्मुज जलडमरूमध्य पुनः खोल्ने कदम अघि बढाएमा अमेरिका आणविक कार्यक्रमसम्बन्धी गम्भीर वार्तामा प्रवेश गर्न तयार रहेको बताउनुभएको छ ।

यसैबीच इरानको इस्लामिक क्रान्तिकारी गार्डले पछिल्लो २४ घण्टामा ३३ वटा जहाज हर्मुज जलडमरूमध्य पार गरेको जानकारी दिएको छ, जसले उक्त मार्ग आंशिक रूपमा सञ्चालनमा रहेको सङ्केत गर्दछ ।

ऊर्जा विश्लेषकहरूका अनुसार युद्धअघि जस्तो आपूर्ति चाँडै सामान्य अवस्थामा फर्कन कठिन छ, किनभने उत्पादन संरचनामा क्षति, केही क्षेत्रमा उत्पादन अवरोध र ढुवानी समस्याहरू अझै पूर्ण रूपमा समाधान भएका छैनन् ।

विश्लेषकहरूले तेल बजारमा आपूर्ति–माग असन्तुलन कायम रहने र मूल्य दीर्घ समयसम्म उच्च रहन सक्ने तथा पूर्ण रूपमा घट्ने अवस्था सन् २०२७ तिर मात्र सम्भव हुने बताएका छन् । रासस

# एसियाली पारा तेक्वान्दोमा पलेशालाई कांस्य



**काठमाडौं ।**
नेपालकी पलेशा गोवर्धनले ११औँ एसियाली पारा तेक्वान्दो प्रतियोगितामा सोमबार कांस्य पदक जितेकी छन् ।

पलेशाले मंगोलियाको उलानबटारमा भएको प्रतियोगिताको के–४४ क्याटगोरीको महिला ५७ केजीमुनि कांस्य जितेकी हुन् । पहिलो चरणमा बाइ पाउदै पलेशा सोझै सेमिफाइनलमा प्रवेश गरेकी थिइन् । सेमिफाइनलमा पलेशा इरानकी जहरा रहिमीसँग पराजित भएपछि कांस्यमा सीमित भएको टोली प्रशिक्षक कविराज नेगी लामाले जनाएका छन् ।

के–४४ क्याटगोरीअन्तर्गत पुरुष ६३ केजीमुनि अमिर ब्लोन र महिला ४७ केजीमुनि रेणु तामाङ पहिलो चरणमै पराजित भए । दुवै इरानी खेलाडीसँग चुके ।

अब अमिर र रेणु उलानबटारमै मंगलबारदेखि हुने आईची–नागोया एसियाली पारा तेक्वान्दोको छनोट प्रतियोगितामा सहभागी हुने छन् । यसबाट विजेता र उपविजेता एसियाली पारा तेक्वान्दोका लागि छनोट हुने छन् । पलेशा भने विश्व वरीयताका आधारमा एसियाली पारा तेक्वान्दोका लागि छनोट भइसकेकी छन् ।

# केराखेतीभित्र बहुबालीमा किसानको आकर्षण बढ्दो

**कैलाली ।**
कैलालीका किसान बहुबाली खेतीतर्फ आकर्षित भएका छन् । केराखेती गर्ने किसानले केराखेतीसँगै मकै, खुर्सानी, तोरी खेतीलगायत गर्न थालेका छन् ।

टीकापुर नगरपालिका–४ बाघमाराका किसान टेकेन्द्र धामीले केरा खेतीभित्र मकैखेती गरेका छन् । उनी यसवर्ष मकैको दुई बाली लिने तयारीमा छन् । केराखेतीभित्र एकपटक उत्पादन भएको मकै बेचिसकेका धामीको बारीमा फेरि केरासँगै मकै फस्टाउँदै गएको छ ।

धामीले साढे ६ बिघा जमिनमा केराखेतीसँगै मकैखेती गरेका छन् । एकपटक लाखौँ रुपैयाँ बराबरको मकै उत्पादन लिइसकेका उनको बारीमा फेरि मकैखेती फष्टाएको छ । "तयार भएको मकै चैतमा बजारमा हरियो नै बेचियो, पोलेर बिक्री गर्ने भएकाले खपत राम्रै भयो", उनी भन्छन्, अब अर्को मकै बालीबाट ४५ क्विन्टल जति उत्पादन हुने अनुमान गरेको छु । यो बाली साउनको पहिलो सातातिर तयार हुन्छ, यसले पनि राम्रै बजार पाउँछ ।

लामो समयदेखि २१ विघामा केराखेती गरिरहेका धामीले गतवर्ष पनि केराखेती भित्र खुर्सानी र तोरी खेती गरेका थिए । केराखेती गरिरहेका उनले विगतमा गरिने केरा खेतीको समय परिवर्तन गरेका छन् । विगतमा असारमा केरा रोप्ने गरेका धामीले दुई वर्षदेखि मङ्सिरमा आधा जमिनमा केरा रोपे ।



असारमा रोपेको केरा भदौमा तयार हुन्छ, सबैले असारमै रोप्ने गर्नाले चिसो मौसममा राम्रो केरा नपाइने समस्या हुन्छ । त्यसैले मैले केरा दुई समयमा रोप्न थालेको छु, धामी भन्छन्, मङ्सिरमा रोपेको केरामा बहुबाली खेती गर्ने गरेको छु । यसरी खेती गर्दा वर्खामा हावाहुरीले गर्ने क्षतिबाट जोगिन्छ । विपद्बाट जोगिने र दुईभन्दा बढी बाली उत्पादन लिन सकिन्छ ।

टीकापुर–५ पहाडीपुरका किसान शेरबहादुर साउदले गत वर्ष असारमा केरा रोपे । केरा खेतीको बीचमा असोज महिनामा उनले मकै र तोरी खेती गरे । एक बिघा जमिनमा प्रयोग गरौँ भनेर खेती गरे, केराको दायाबाया कमै र बीचमा तोरी छरे, उनी भन्छन्, 'दुई क्विन्टलभन्दा बढी तोरी उत्पादन भयो । ४० हजारको त हरियो मकै बिक्री गरे, ६० किलो जति दाना मकै पनि छ ।

बेमौसमी मकै तयार भएकाले राम्रो फाइदा भएको साउदको भनाइ छ । उनको बारीमा अहिले केरा राम्रो फस्टाएको छ । केरा खेतीबाट पनि करिब रु ५ लाखसम्म आम्दानी लिन सकिन्छ, उनी भन्छन्, मैले पाँच बिघा जमिनमा केराखेती गरेको छु, केराभित्र अन्य बाली उत्पादन लिन सकिन्छ । मेहनत गरेमा पर्याप्त कमाइ गर्न सकिन्छ ।

बहुबाली खेती भनेको एउटै जमिनमा एउटै समयमा दुई वा दुईभन्दा बढी बाली लगाउने प्रविधि हो । बहुबाली खेतीले किसानलाई दोहोरो आम्दानी दिलाउने भएकाले किसान त्यसतर्फ आकर्षित भएका हुन् । एउटै खेतमा मुख्य नगदे बालीसँगै अन्य तरकारी वा अन्नबाली लगाउँदा जमिनको अधिकतम उपयोग हुने, उत्पादनमा विविधता र आम्दानी बढाउने कृषि विज्ञहरू बताउँछन् ।

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान स¬ङ्कायका प्रमुख डा विष्णुविलास अधिकारी बहुबाली खेती किसानका लागि फाइदाजनक भएको बताउँछन् । एउटा मुख्य बाली हुन्छ, बीचमा भुसुवा बाली लगाइन्छ । त्यसमा दुई वा दुईभन्दा बढी बाली लगाउन सकिन्छ, उनी भन्छन्, मकै खेतीमा भटमास, कोदो रोप्न सकिन्छ । तोरी लगाएमा तोरीभित्र केराउ, मसुरो, आलस लगाउन सकिन्छ । डा अधिकारीका अनुसार मुख्य बाली बाहेक बीचमा भएको खाली जमीनमा अर्को बाली लगाएमा उत्पादन बढी लिन सकिने र एउटा बालीमा रोग किराले नोक्सान भए पनि अर्को बालीबाट उत्पादन लिँदा किसानलाई घाटा हुँदैन ।

एउटा बालीले अर्को बालीलाई फाइदा गर्छ । थरिथरिका बाली लगाउँदा फरक फरक किसिमका कीरा र रोग लाग्दैन । किसानले कोसे बालीमा प्राथमिकता दिनुपर्छ, डा अधिकारी भन्छन्, कोशेबाली मिसाएर लगाएमा बायुमण्डलमा भएको नाइट्रोजन स्थिरीकरण गरेर लिन्छ, जसले माटो मलिलो हुन्छ । किसानले थरिथरिका बाली बालीचक्रमा मिलाएर लगाएमा फाइदा लिन सकिन्छ । कैलालीमा सयौँ किसान केराखेतीमा लागेका छन् । यहाँ करिब एक हजार हेक्टर जमिनमा केराखेती गरिएको छ । केराको उत्पादन लिन एकवर्ष बढी समय लाग्ने भएकाले एक वर्षभित्र केराको बीचको जमिनमा अर्को उत्पादन लिन सकिन्छ । फलफूलमा अन्य बाली लगाएर उत्पादन लिनुपर्छ । बहुबालीले माटोको संरक्षण गर्ने, खाली जमीनमा पानी वाष्पिकरण भएर उडेर जाने भएकाले खेर जाने पानी पनि अन्य बाली लगाउँदा संरक्षण हुन्छ । मल, जल सबै संरक्षण हुन्छ । यसका फाइदा नै फाइदा छन्, डा अधिकारीले भने । रासस

# सिप्लिकान र चिउरीका बिरुवा अनुदानमा वितरण गर्दै महानगर



**गण्डकी ।**
पोखरा महानगरपालिकाले किसानलाई सिप्लिकान र चिउरीका बिरुवा अनुदानमा वितरण गर्ने तयारी गरेको छ । बाँझो जमिनको सदुपयोगसँगै बाँदरले क्षति नपु¥याउने औषधीय गुण युक्त सिप्लिकानका साथै मौरीपालक किसानलाई उपयोगी हुने चिउरीका बिरुवा अनुदानमा वितरण गर्न लागिएको हो । बिरुवा वितरणका लागि यही जेठ २१ गतेसम्म माग सङ्कलन गरिने जानकारी दिँदै उनले मागका आधारमा अनुदानमा उपलब्ध गराउन लागिएको महानगरपालिकाअन्तर्गत कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिए ।

बाँझो जमिनमा औषधीय गुण रहेको सिप्लीकान लगाउन सकिन्छ, उनले भने, तरकारीका लागि उपयोग गर्न सकिने सिप्लीकान बाँदरले पनि क्षति नपु¥याउने भएकाले यो बाँझो जग्गाहरूमा उपयोगी हुन्छ ।

पोखरामा मौरीपालनतर्फ आकर्षण बढिरहेका कारण त्यसलाई सहयोग पु¬याउने उद्देश्यले चिउरीका बिरुवा पनि अनुदानमा उपलब्ध गराउन लागिएको प्रमुख कडरियाले जानकारी दिए ।

पोखरा महानगर क्षेत्रमा १५ हजारदेखि २० हजारसम्म मौरीका घारहरू रहेको उनले बताए । रासस

# समुदायलाई अग्नि नियन्त्रण प्रशिक्षण



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोटमा अचानक हुने आगलागीको घटना नियन्त्रणसम्बन्धी प्रशिक्षण दिइएको छ । सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरबाट खटिएको विपद् व्यवस्थापन टोलीले कावासोती नगरपालिकाका सरोकारवालाहरूलाई आगलागी नियन्त्रणसम्बन्धी अभ्यास गराएको हो ।

तालिमका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरका प्रहरी निरीक्षक रामचन्द्र खड्काले घरमा हुने सिलिन्डर ग्यासको आगलागी, मानिसको शरीरमा लागेको आगो तथा घरमा लागेको आगो नियन्त्रणबारे प्रशिक्षण दिएका थिए ।

बिहीबारदेखि सुरु भएको 'समुदायमा आधारित विपद् प्रतिकार्य तथा खोज उद्धार' कार्यक्रमअन्तर्गत आइतबार सहभागीहरूलाई प्रयोगात्मक अभ्यास गराइएको हो । अभ्यासका क्रममा सहभागीहरूलाई एलपी ग्यासको सिलिन्डरमा लागेको आगो नियन्त्रणबारे विभिन्न उपाय तथा घरमा लागेको आगो नियन्त्रणको उपायहरू सिकाइएको थियो ।

प्रमुख प्रशिक्षक खड्काले ग्यासको आगो पानी हालेर नियन्त्रण नहुने भन्दै नियन्त्रण विधि जानकारी गराएका थिए । एलपी ग्यासमा भएको आगलानी नियन्त्रणका लागि चिसो कम्मल, रुमाल, कुचोको प्रयोग गर्न सकिने भन्दै खड्काले सिलिन्डर लिकेज भएको ठाउँमा सावधानीपूर्वक हातको औँलाले थुनेमा पनि आगलागी नियन्त्रणमा आउने बताए ।

त्यस्तै, आगो लागिरहेको अवस्थामा सिलिन्डरलाई सावधानीपूर्वक बाल्टिनले ढाकेर पनि सिलिन्डर लिक भएर लागेको आगो नियन्त्रणमा लिन सकिने उनको भनाइ थियो ।

उनले विपद् धेरै प्रकारको हुने भन्दै यसको प्रकृति हेरेर उद्धारको तयारीमा जुट्नुपर्ने सुझाव दिए । खड्काले विपद् व्यवस्थापनको पूर्वतयारीस्वरुप जनचेतना तालिम दिँदै विपद् प्रतिकार्य सीपहरू सिक्नुपर्ने बताए । विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि विपद् हुनेबित्तिकै सुरुमा आपत्कालीन सेवालाई सूचना दिनुपर्ने र अन्य कार्यहरू अगाडि बढाउनुपर्ने खड्काको भनाइ छ ।

नेपाल जलवायु परिवर्तनको जोखिम, भूकम्पको जोखिम, मनसुनजन्य जोखिम उच्च भएको मुलुक भएकाले विपद् जुनसुकै बेला जुनसुकै ठाउँमा पनि आउन सक्छ, खड्काले भने, विपद्को पूर्वतयारी गर्दै विपद्बारे जनचेतना जगाउने अभियान, त्यसैगरी तालिम सेमिनारहरू गरेर हामी पूर्वतयारीमा बस्नुपर्दछ । विपद्को पूर्वतयारीमा समुदायका व्यक्तिले विभिन्न मानवीय सीपहरू, विपद् प्रतिकार गर्ने विभिन्न सीपहरू सिक्नुपर्ने उनको भनाइ छ । त्यसैगरी हामीले विपद् आइपर्ने बित्तिकै कुनै पनि विपद्मा हामीले सुरुमा गर्नुपर्ने भने चाहिँ आपत्कालीन सेवाहरूलाई सूचना दिनुपर्ने तथा खबर गर्नुपर्ने हुन्छ,उनले भने ।

समुदायमा सबैसँग प्राथमिक उपचारका सामग्रीहरू हुनुपर्ने भन्दै खड्काले त्यो सम्बन्धी तालिम लिएको दक्ष व्यक्ति पनि हुनुपर्ने बताए । विपद्को समयमा आवश्यक पर्ने आपत्कालीन सामग्रीहरूमध्ये टर्चलाइट, बजाउने सिट्टी, सुरक्षा निकायका सम्पर्क नम्बरहरू तथा अत्यावश्यक वस्तुहरू राखिएको झटपट झोला तयारी अवस्थामा राख्नुपर्ने उनको भनाइ छ । झटपट झोला चाहिँ विशेष गरी भूकम्पको समयमा बढी प्रयोगमा आउने खड्काले बताए ।

त्यसैगरी, कुनै पनि विपद् हुनुभन्दा अगाडि नै जोखिमयुक्त स्थान नक्साङ्कन गरेर त्यो आधारमा विपद्सम्बन्धी पूर्वयोजनाहरू बनाउनुपर्ने भन्दै खड्काले यसैको आधारमा तयारी पनि हुनुपर्नेमा जोड दिए ।

यदि विपद् भइहाल्यो भने वैकल्पिक सुरक्षित स्थान कहाँ हो भन्नेबारे पहिल्यै तोकिएको हुनुपर्ने उनको भनाइ छ ।

विपद्मा उद्धारका लागि लागि सक्षम व्यक्तिले मात्रै सहयोग गर्नुपर्ने भन्दै उनले कुनै पनि विपद्मा हाम्रो धैर्यता एकदमै अनिवार्य हुनुपर्नेमा जोड दिँदै भने, हामीले धैर्यता गुमायौँ भने मानिस धेरै आत्तिएर ठूलो क्षति हुने सम्भावना पनि रहन्छ, विपद्मा यी विषयहरूलाई ध्यान दिनुपर्दछ ।

खड्काले सबै आगो पानीबाट ननिभ्ने भन्दै कस्ता प्रकारका आगो कसरी निभाउने भन्ने बारेमा सबै सचेत हुनुपर्नेमा जोड दिए । उनले भने, 'दाउराको आगोहरू सामान्यतया पानीले निभ्छन् तर, ग्यासको आगोलाई पानीले निभाउन सक्दैन त्यसका लागि ग्यासको आगो निभाउने उपकरण प्रयोग गर्नुपर्ने हुन्छ ।' सानोतिनो आगो फायर इक्स्टिङ्गुइसनले निभाउने भए पनि ठूला आगोहरू त्यसबाट मात्रै ननिभ्ने भएकाले सचेत हुनुपर्नेमा जोड दिए ।

कारितास नेपालका वरिष्ठ जिल्ला अधिकृत सुजन गौलीले संस्थाले विभिन्न पालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दै समुदायलाई त्यसबारे प्रशिक्षण दिँदै आएको बताए । कावासोती नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिएको भन्दै गौलीले पालिकाको १७ वटै वडाका विपद् व्यवस्थापन समितिका सदस्य तथा सामुदायिक वन, विद्यालय, युवा क्लब, स्वास्थ्य संस्था, सामुदायिक प्रहरी र नगरप्रहरीहरूलाई विपद् व्यवस्थापन तालिम प्रदान गरिएको बताए । चार दिनसम्म सञ्चालन भएको यस कार्यक्रममा सहभागीहरूलाई प्राथमिक उपचारको तरिका, जलमा गरिने उद्धार तथा आगलागी र नियन्त्रण अभ्यासबारे प्रशिक्षण दिइएको गौलीको भनाइ छ ।

तालिम समापनका क्रममा नवलपरासी (बर्दघाट–सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले विपद् व्यवस्थापन सरकारको प्राथमिकतामा रहेको बताए । उनले विपद् व्यवस्थापनका लागि विभिन्न निकाय तथा सङ्घसंस्था र सरोकारवालाले पनि यस्तो कार्यक्रममा ध्यान दिनुपर्नेमा जोड दिए । रासस

# ११ हजार पर्यटक पुगे कोशी टप्पु

**सुनसरी ।**
आर्थिक वर्ष २०८१\८२ मा ११ हजार ६०३ पर्यटकले कोशी टप्पु आरक्ष भ्रमण गरेको कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यलयले जनाएको छ । भ्रमण गर्नेमा आन्तरिक पर्यटक ११ हजार २१४ र सार्क मुलुकबाट ४२ महिला र ४५ पुरुष गरी ८७ जना तथा अन्य मुलुकबाट १५१ महिला र १५१ पुरुष गरी ३०२ विदेशी पर्यटक रहेको आरक्ष प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिए ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु तथा शान्त वातावरणका कारण आरक्ष आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । सुनसरी र सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापु क्षेत्रमा फैलिएको यस आरक्ष जङ्गली भैँसी (अर्ना) का लागि प्रसिद्ध छ । कोशी टप्पु रैथाने अर्ना पाइने नेपालको एक मात्र संरक्षित क्षेत्र मानिन्छ ।

सन् १९८७ देखि यो क्षेत्र रामसार सूचीमा सूचीकृत छ । यहाँ घडियाल, मगरगोही, सोंस (डल्फिन) तथा विभिन्न प्रजातिका माछा पनि पाइन्छन् । चराचुरुङ्गीको उच्च विविधताका कारण कोशी टप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ । प्राकृतिक सौन्दर्य र जैविक विविधताले समृद्ध यस क्षेत्र पक्षी अवलोकन, अध्ययन तथा अनुसन्धानका लागि स्वदेशी र विदेशी पर्यटकको आकर्षण बन्दै आएको छ । आरक्षलाई पूर्वी भारतसँग जोडिएको जैविक मार्गका रूपमा पनि लिइन्छ । चितुवाबाहेक अन्य ठूला मांसाहारी जनावरको सङ्ख्या न्यून रहे पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष प्रमुख यादवले बताए । रासस

# कोरिया जान नपाएको भन्दै माइतीघरमा प्रदर्शन




**काठमाडौं ।**
दक्षिण कोरिया जान नपाएको भन्दै युवाहरूले काठमाडौंमा सोमबार प्रदर्शन गरेका छन् ।

रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत भाषा तथा सीप परीक्षा उत्तीर्ण भएर पनि लामो समयसम्म कोरिया जान नपाएको भन्दै सोमबार काठमाडौंको माइतिघरमा प्रदर्शन गरेका हुन् ।

भाषा तथा सीप परिक्षा उतीर्ण गरेर रोस्टरमा रहेको दुई वर्षसम्म पनि रोजगारदाताको छनोटमा नपरे नाम हट्ने भएकाले दुई बर्ष म्याद थप गर्न उनीहरुले माग गरेका छन् ।

प्रदर्शनमा सहभागीहरुले सबै कुरामा फिट भएर पनि कोरिया नलैजाने सिस्टम खारेज गर, हामीलाई आश्वासन होइन नतिजा दे भन्दै श्रममन्त्री विरुद्ध नाराबाजी गरेका थिए । रासस

# गुप्तेश्वर गुफामा पर्यटकको भीड: एकै दिनमा पाँच लाखको टिकट बिक्री



**गण्डकी ।**
ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्त्व बोकेको गुप्तेश्वर गुफाले एकैदिनमा पाँच लाख २५ हजार ७१५ आम्दानी गरेको छ । पर्यटकीय राजधानी पोखरा–१७ छोरेपाटनमा रहेको सो गुफा अवलोकन गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकलाई टिकट बिक्री गरेर आम्दानी गरेको हो ।

जेठको १० गते आइतबार मात्र गुफामा चार हजार ४७२ जना बाह्य पर्यटक, एक हजार ४८७ आन्तरिक पर्यटक र ११९ जना विद्यार्थी गरी कूल छ हजार ७८ जनाले टिकट काटेरे गुफाको अध्ययन अवलोकन गरेको गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिए ।

गुफाभित्र ५०० मिटरमा अवस्थित प्रकृति निर्मित शिवमूर्तिको दर्शनसँगै लगभग १०० मिटरभित्र पुगेपछि देखिने पातले छाँगो (डेभिजफल) झरनाको दृश्यले पर्यटकको आकर्षण बढाएको बताउँदै उनले भने, "गुफा एउटा अलौकिक धार्मिक एवं पर्यटकीयस्थलको रूपमा विकास हुँदै आएको छ ।"

गुफा प्रवेशका लागि आन्तरिक पर्यटकका लागि ५०, बाह्य पर्यटकको लागि १०० र विद्यार्थीको लागि ३५ को टिकट व्यवस्था गरिएको छ । गुफाभित्र निर्माण गरिएको यान्त्रिक कामधेनु गाई र भक्तजनले चढाएको दानबाट पनि राम्रो आम्दानी हुने गरेको छ । अध्यक्ष बास्तोलाले भने, तीन दशकदेखि प्रचारप्रसारमा आएको गुफाको आम्दानीबाट गुफाको संरक्षण एवं प्रवद्र्धनसँगै शैक्षिक क्षेत्रमा लगानी गर्दै आएको छ । गुफाले गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस स्थापना गरी सञ्चालन गर्दै आएको छ जुनक्याम्पसमा ८०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

गुफाको धर्मशाला हलमा गुरुकुल पनि सञ्चालन गर्दै आएको छ । जस गुरुकुलमा कक्षा ११ सम्मको पढाइ हुने गरेको हाल ४८ जना विद्यार्थी पठनपाठन गर्दै आएका छन् भने आसपासका सामुदायिक विद्यालयलाई समेत आर्थिक सहयोग गरेको छ । गुफाले वार्षिक रु छदेखि सात करोडसम्म आम्दानी गर्दै आएको उनको भनाइ छ । गुफाको टिकटबाहेक कामधेनु गाई, भक्तजनले चढाएको दान, थप आम्दानीको स्रोत बनेको बताउँदै उनले भने, गुफा परिसरमा मुस्ताङबाट ल्याइएको १००८ मिलोग्रामको शालिग्राम, बूढानीलकण्ठ मूर्तिका साथै गुफा प्रवेशस्थलमा निर्माण गरिएका नवग्रह आकर्षको रूपमा रहेका छन् । गुफा कार्यालय प्रमुख नारायण पौडेलका अनुसार पछिल्लो समय गर्मी बढेसँगै पोखरामा पर्यटकको चाप बढेको छ । पोखरा आउने पर्यटकले गुफा नआइकन फर्के भ्रमण अधुरो रहेको महसुस गर्न थालेको कारणले आकर्षण बढेको छ । छ हजार क्षेमताको गुफामा भीड बढेपछि व्यवस्थापन गर्न समेत धौधौ पर्ने गरेको उनको भनाइ छ । रासस

# चारपटक म्याद थपिएपछि अलपत्र छाडिएको पुलको निर्माण सुरु

**तनहुँ ।**
लामो समयदेखि अलपत्र भएको तनहुँको व्यास नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने सेती नदीमाथि निर्माणाधिन पुलको कार्यले गति लिएको छ ।

व्यास नगरपालिका–३ देउरालीनगर र ऋषिङ गाउँपालिका–१ झापुटार जोड्ने सेतीनदीमाथिको पुलको निर्माण कार्य अलपत्र भएको थियो । पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रवीन्द्र तिवारीका अनुसार उक्त पुलमा हाल धमाधम काम भइरहेको छ । केही समय उक्त पुलको काम अलपत्र बने पनि हाल निर्माण व्यवसायीलाई निर्देशन दिएर पुलको काम सम्पन्न गर्न सचेत गराइएको उनले बताए ।

विसं २०७७ चैत २३ गते पक्की पुल शिलान्यास भएको थियो । पुल तीन वर्षमा निर्माण सम्पन्न गर्ने म्याद थियो । सम्झौताअनुसार काम भएको भए यतिबेला पुल बनेर गाडी गुडिसकेको हुन्थ्यो । तर निर्माण व्यवसायीको ढिलासुस्तीका कारण उक्त पुलको काममा ढिलाइ भएको तिवारीले बताए ।

हालसम्म चार पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८३ असोज ३० गतेसम्म म्याद थप गरिएको उनले जानकारी दिए । बजेट अभाव नभएमा थप भएको समयभित्रै काम सम्पन्न गर्ने कार्यालय र निर्माण व्यवसायी लागिपरेको उनले बताए । उनले भने, झापुटारतर्फको स्पानको स्टिलको काम करिब सकिएको छ । व्यासतर्फको स्पानको स्टिल जोडेपछि करिब ८५ प्रतिशत काम सम्पन्न हुनेछ ।

गण्डकी प्रदेश सरकारको ३२ करोड ४० लाख २७ हजार ३९४ को लागतमा पुल निर्माण हुन लागेको हो । पुल निर्माणका लागि रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो । एक सय ५४ मिटर लामो रहने पुलको चौडाइ ९.५० मिटर रहनेछ । पाइल फाउण्डेशनमा निर्माण हुने पुल स्टिल ट्रसको हुनेछ ।

पुल निर्माणपछि व्यास नगरपालिका ऋषिङ गाउँपालिकाका सर्वसाधारणलाई आवतजावतमा सहज हुनेछ । हाल सोही ठाउँमा झोलुङ्गे पुल रहेको छ । त्यसको करिब एक किलोमिटर माथि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा पक्की पुल निर्माण गरिएको छ । त्यहाँबाट दमौली आउनुपर्दा करिब तीन किलोमिटर दूरी तय गर्नुपर्छ । तर अहिले पुल निर्माण भइरहेको ठाउँबाट दमौली आउन पाँच सय मिटर दूरी पनि छैन ।

त्यहाँ हाल रहेको झोलुङ्गे पुलमा मोटरसाइकल चलाउँदा दुर्घटनाको जोखिम बढेपछि केही वर्ष पहिला जिल्ला अदालतले पुलमा मोटरसाइकल चलाउन नपाउने आदेश जारी गरेको थियो । तर उक्त आदेश पूर्ण रूपमा पालन भएको छैन । हाल यहाँका सर्वसाधारणले झोलुङ्गे पुलबाट नै दुई पाङ्ग्रे सवारीसाधन वारपार गर्दै आएका छन् ।

झोलुङ्गे पुलबाट मोटरसाइकल वारपार गर्दा दुर्घटनाको जोखिम उत्तिकै छ । साँघुरो पुल त्यसमाथि मोटरसाइकल गुडाइदिँदा वारपार गर्ने सर्वसाधारणलाई समस्या हुँदै आएको छ । रासस

# वरिष्ठ सरोदवादक सुदर्शन राजोपाध्याय 'कलाक्षेत्रम' पुरस्कारबाट सम्मानित




**काठमाडौँ ।**
सङ्गीत क्षेत्रमा ख्याति कमाएका वरिष्ठ सरोदवादक सुदर्शन राजोपाध्यायलाई भारतमा 'कलाक्षेत्रम' पुरस्कारबाट सम्मान गरिएको छ ।

राजोपाध्यायलाई महाराष्ट्रको पुणेमा अखिल लोककला कल्चरल अर्गनाइजेसनले आयोजना गरेको भारत उत्सव २०२६ मा पुरस्कार प्रदान गरेको हो ।

अर्गनाइजेसनका महासचिव डा. प्रमोद नानवरेका अनुसार भारत उत्सवमा भारतका विभिन्न राज्यका तीन हजार ५०० भन्दा बढी कलाकारले भारत नाट्यम, कत्थकलगायत लोककला प्रस्तुत गरेका थिए ।

यही मे १६ देखि २२ तारिखसम्म भएको भारत उत्सवमा राजोपाध्यायलाई निर्णायकको जिम्मेवारी सम्हाल्न निमन्त्रणा दिएको थियो । निर्णायक भूमिका निर्वाह गर्न पुणे पुग्नुभएका उहाँलाई प्रतिष्ठित कलाक्षेत्रमबाट सम्मान गरिएको हो ।

यसभन्दा अघि पनि नेपालको कला र संस्कृतिलाई अन्तरराष्ट्रिय मञ्चसम्म पुऱ्याउँदै आएका उनलाई भारतको विभिन्न राज्यमा भएका कार्यक्रमहरूमा 'सुरताल अन्तरराष्ट्रिय सम्मान पुरस्कार २०२५', 'विविधता मे एकता राष्ट्रिय सम्मान २०२०', 'इन्डियन बेस्टिज अवार्ड–२०१९', पश्चिम बङ्गाल सरकारबाट 'सङ्गीतमंजरी' उपाधि लगायतका सम्मान प्रदान गरिएको थियो ।

त्यसैगरी, सन् २०१५ मा गुजरातमा सुरिल साँझका तर्फबाट 'स्वर्णपत्र' प्रदान गरिएको थियो ।

नेपालका सन्दर्भमा उनले रेडियो नेपालबाट सन् २००२ मा भएको जिल्लाव्यापी सङ्गीत प्रतियोगितामा प्रथम पुरस्कार पाएका थिए भने शास्त्र सम्मान २०१८, सेभ दी नेसन अवार्डलगायत पुरस्कार तथा सम्मान पाएका छन् ।

सरोदवादनबाहेक उनका नेपालीमा पलपल, पानीसरी, त्यो रात, नेपाल भाषामा नसला, हसना, छन्हुनिन्हू, छगू मतिना, शास्त्रीय सङ्गीततर्फ वनडे रागाज, सोलफुल म्युजिक फर मेडिटेसन, भारतबाट सुरिल म्युजिक इन २०१५ लगायत सिडी तथा क्यासेटहरू प्रकाशित भएका छन् । रासस

# प्रहरीले समयमा मिसिल पेश नगरेपछि दुर्गा प्रसाईंको मुद्दामा सुनुवाई हुन सकेन



**मधेशदृष्टि**
**वीरगंज ।**
मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता, नागरिक बचाउ महाअभियानका अध्यक्ष दुर्गा प्रसाईं विरुद्धको मुद्दामा सोमबार सुनुवाइ हुन सकेन । समयमै मिसिल प्रहरीले अदालतमा पेश नगरेका कारण सुनुवाइ प्रभावित भएको अदालत स्रोतको भनाई छ । जिल्ला अदालतले उक्त मुद्दालाई हेर्दाहेर्दैमा राखेको छ ।

यसअघि गत बिहीबार पर्सा जिल्ला अदालतले प्रसाईंलाई चार दिन हिरासतमा राख्न अनुमति दिएको थियो भने शुक्रबार सर्वोच्च अदालतले थप म्याद नबढाउन आदेश दिएको थियो ।

प्रहरीले प्रसाईंलाई जेठ ४ गते वीरगंज आदर्शनगर स्थित दियालो होटल बाट पक्राउ गरेको हो । अनुसन्धानका आधारमा प्रहरीले प्रसाईंविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुर तथा राज्यविरुद्धको कसुरमा अभियोग दर्ता गर्न राय दिएको छ ।

सोमबार पनि प्रसाई मुक्त नभएपछि उनका समर्थकहरूले नाराबाजी गरेका थिए । सर्वोच्चको आदेश कार्यन्वयन गर्न र प्रसाईलाई मुक्त गर्न माग गर्दै नाराबाजी भएको थियो ।

# मापसेबाट गत वैशाखमा देशभर १२४ सवारी दुर्घटना, १२ जनाको मृत्यु

**काठमाडौँ ।**
गत वैशाख महिनामा देशभरमा मादक पदार्थ सेवन (मापसे) गरेर सवारी साधन चलाउँदा १२४ सवारी दुर्घटना भएको नेपाल प्रहरीले जनाएको छ । ती दुर्घटनामा परी १२ जनाको मृत्यु भएको छ भने १७४ जना घाइते भएका छन् । काठमाडौँ उपत्यकाभित्र मात्रै गत वैशाख महिनामा ३७ वटा सवारी दुर्घटना भएका र ती दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने ५० जना घाइते भएका नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।



उनका अनुसार कोशी प्रदेशमा ३५ सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने ५३ जना घाइते भएका छन् । मधेश प्रदेशमा २० सवारी दुर्घटनामा २७ जना घाइते भएका छन् । बागमती प्रदेशमा १२ वटा दुर्घटनामा एक जनाको मृत्यु र १९ जना घाइते भएका छन् । त्यसैगरी गण्डकी प्रदेशमा पाँच दुर्घटनामा चार जनाको मृत्यु तथा तीन जना घाइते भएका छन् ।

लुम्बिनी प्रदेशमा नौ वटा दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । उता कर्णाली प्रदेशमा तीन वटा दुर्घटनामा तीन जना घाइते भएका छन् भने सुदूरपश्चिम प्रदेशमा भएका पनि तीन दुर्घटनामा चार जना घाइते भएका प्रहरीले जनाएको छ ।

मापसेका कारण सवारी दुर्घटनाको जोखिम बढ्दै गएको बताउँदै ट्राफिक नियमको पालना गर्न सबै चालकलाई प्रवक्ता काफ्लेले आग्रह गरे । उनले विशेषगरी रातिको समयमा, सार्वजनिक बिदा तथा विभिन्न पर्व–उत्सवका अवसरमा मादक पदार्थ सेवन गरी सवारी चलाउने क्रम बढी देखिने गरेको जानकारी दिए । उनले मापसे गरी सवारी चलाउनु आफैँमा गम्भीर कानुनी अपराध मात्र नभई मानवीय जीवनका लागि अत्यन्त जोखिमपूर्ण कार्य भएको उल्लेख गरे ।

ट्राफिक प्रहरीले पछिल्लो समय देशभर मापसे नियन्त्रण अभियानलाई थप प्रभावकारी बनाएको जनाएको छ । विशेषगरी शहरी क्षेत्र, राजमार्ग, व्यस्त चोक तथा रातिको समयमा ट्राफिक चेकजाँचलाई कडाइ गरिएको प्रहरीले जनाएको छ । मापसे गरी सवारी चलाउने चालकलाई कानुनअनुसार कारबाही गर्नुका साथै जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन भइरहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले बताए ।

उनले भने, 'मापसे गरी सवारी नचलाउन तथा सुरक्षित यात्राका लागि जिम्मेवार बन्न सम्पूर्ण चालक तथा सर्वसाधारणलाई अनुरोध गर्दै ट्राफिक प्रहरीले जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ ।' उनका अनुसार मादक पदार्थ सेवन गरेपछि चालकको निर्णय क्षमता कमजोर हुने, सवारी नियन्त्रणमा कठिनाइ हुने तथा तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति बढ्ने भएकाले दुर्घटनाको सम्भावना अत्यधिक रहने गर्दछ । सवारी चलाउँदा पूर्ण रूपमा सतर्कता अपनाउन र ट्राफिक नियमको पालना गर्न उनले सबै चालकहरुलाई आग्रह गरेका छन् । रासस

# छोटी भन्सार बन्द गर्ने निर्णयविरुद्ध चक्काजाम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारको निर्णयविरुद्ध स्थानीयवासी, व्यापारी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू आन्दोलनमा उत्रिएका छन् । धनगढीमाई नगरपालिका–९ स्थित जिरोमाइल चौकमा उनीहरूले सोमबार चक्काजाम गर्दै सरकारको निर्णय तत्काल फिर्ता लिन माग गरेका हुन् ।

नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो । त्यसपछि स्थानीय स्तरमा विरोध चर्किएको हो । आन्दोलनकारीहरूले भन्सार कार्यालय बन्द हुँदा स्थानीय व्यापार, राजस्व संकलन तथा सीमावर्ती क्षेत्रको आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने बताएका छन् । उनीहरूले निर्णय फिर्ता नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

यसअघि पनि स्थानीयवासीले वैशाख २५ देखि २७ गतेसम्म चरणबद्ध आन्दोलन गरेका थिए । त्यसक्रममा विरोध प्रदर्शन, ज्ञापनपत्र बुझाउने तथा धर्ना कार्यक्रमसमेत आयोजना गरिएको थियो । प्रदर्शनका कारण केही समय जिरोमाइल क्षेत्रको यातायात सेवा प्रभावित भएको थियो । सुरक्षा व्यवस्था कायम गर्न नेपाल प्रहरी परिचालन गरिएको छ ।

# मधेश सरकारमा सत्ता साझेदार दलबीच फेरि अविश्वासको विवाद



**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेश सरकारमा अर्थ मन्त्रालयलाई लिएर सत्ता साझेदार दलबीच फेरी अविस्वास र विवाद देखिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत पाएलगत्तै नेकपाले सहमति अनुसार अर्थ मन्त्रालय नपाए सरकारबाट बाहिरिने चेतावनी दिएको स्रोतले जनाएको छ ।

विश्वासको मत अघि कांग्रेस, एमाले र नेकपाबीच मन्त्रालय बाँडफाँटको सहमति भएको थियो । तर नेकपालाई अर्थ मन्त्रालय दिन कांग्रेस र एमाले पक्ष सकारात्मक नदेखिएपछि सत्ता गठबन्धनमै अविश्वास बढेको छ । यसैविच नेकपाले सरकारमा रहने वा समर्थन फिर्ता लिने विषयमा आन्तरिक छलफलसमेत गरेको खबर बाहिर आएको छ ।

सो खबर पछि मुख्यमन्त्री यादवले नेकपाका नेताहरूलाई अर्थ मन्त्रालय दिने प्रतिबद्धता जनाएका छन् । नेकपाले सांसद युवराज भट्टराई 'समीर'लाई अर्थमन्त्रीका रूपमा अघि सारेको छ । उता एमालेले पनि चार मन्त्रालयको दाबी गर्दै दबाब बढाएको छ । आइतबार साँझ एमाले मन्त्रीहरूको सूचीसहित मुख्यमन्त्री निवास पुगे पनि अन्तिम समयमा सहमति नजुट्दा शपथ प्रक्रिया रोकिएको थियो ।

# गणतन्त्र दिवस मूल समारोहलाई प्रधानमन्त्री बालेन शाहले सम्बोधन नगर्ने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन शाहले गणतन्त्र दिवस मूल समारोहलाई सम्बोधन नगर्ने भएका छन् । उनले त्यसको जानकारी राष्ट्रपति कार्यालयलाई दिइसकेका छन् । गणतन्त्र दिवसको दिन सैनिक मञ्च टुँडिखेलमा विशेष समारोह आयोजना हुने गर्दछ ।

समारोहमा राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभा अध्यक्ष सहित विशिष्ट व्यक्तिहरुको सहभागिता रहन्छ । सो समारोहलाई प्रधानमन्त्रीले सम्बोधन गर्ने परम्परा छ । तर प्रधानमन्त्री बनेदेखि सार्वजनिक समारोहमा नदेखिएका बालेन शाहले गणतन्त्र दिवसको मूल समारोहमा पनि सम्बोधन नगर्ने भएका हुन् ।




प्रधानमन्त्री बालेनले सो समारोहलाई सम्बोधनका लागि राष्ट्रपतिलाई आग्रह सहित पत्र पठाएको स्रोतले बताएको छ ।

मन्त्रिपरिषदको निर्णय अनुसार गणतन्त्रको प्रतीक राष्ट्रपति नै हुने भएकाले गणतन्त्र दिवस समारोहमा सम्बोधन गरिदिनु हुन अनुरोध गरिन्छ भन्ने व्यहोराको पत्र राष्ट्रपति कार्यालयमा पठाइएको स्रोतले बताएको छ ।

# विश्व थाइराइड दिवस: पुरुषका तुलनामा महिलालाई थाइराइडको उच्च जोखिम

**चितवन ।**
'हमर्न' कारण पुरुषका तुलनामा महिलालाई थाइराइडको जोखिम उच्च हुने इन्डोक्राइमोलोजिष्ट (हर्मोन विशेषज्ञ)विशेषज्ञहरुले बताएका छन् । चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालका इन्डोक्राइमोलोजिष्ट डा सौरव खतिवडाले १५ देखि २० प्रतिशत महिलालाई 'हाइपर थाइरोडिजम'को सम्भावना हुने जानकारी दिए । उनले भने, 'पुरुषमा त्यसको आधा जतिलाई मात्रै हुन्छ । अर्थात् पुरुषमा पाँचदेखि आठ प्रतिशत हाराहारीलाई मात्रै हाइपर थाइरोडिजम (उच्च थाइराइड) को समस्या हुन्छ ।'

उनले घाँटीको अगाडि तलपट्टि हुने सानो ग्रन्थीलाई थाइराइड भनिने बताउँदै यसमा दुई वटा भाग हुने जानकारी दिए । उनले भने, 'यसले शरीरलाई आवश्यक पर्ने महत्वपूर्ण हर्मोन उत्पादन गर्दछ । यो हर्मोन हाम्रो दैनिक जीवनमा धेरै महत्वपूर्ण छ ।' थाइराइड हर्मोनले बच्चाको दिमागको वृद्धि विकासदेखि वयस्क मानिसमा काम गर्ने जाँगर, स्फूर्ति, मुटुको कामका लागि, खाना पचाउने, शरीरको मोटोपनलाई सन्तुलनमा राख्ने काम गर्ने डा खतिवडाको भनाइ छ ।




थाइराइड हर्मोन कमी भएमा केही लक्षणहरु देखिने भन्दै उहाँले हर्मोन बढी हुँदा केही किसिमका लक्षणहरु देखिने बताए । उनले भने, 'थाइराइड ग्रन्थी कहिलेकाहीँ आफैँ दुख्ने समस्या पनि आउँछ । थाइराइडमा कहिलेकाहीँ ट्युमर पनि पलाउँछ । ट्युमरहरुमा सबैभन्दा सजिलै उपचार गर्न सकिने भनेको थाइराइडको ट्युमर हो ।'

थाइराइड बढ्यो भने आत्तिने, हात काँप्ने, मुटु ढुकढुक हुने, गर्मी धेरै महसुस हुने देखिने बताउँदै डा खतिवडाले भने, 'यसलाई दुब्लाउने थाइराइड भनेर चिनिन्छ । यसमा टी थ्री, टी फोर भन्ने हर्मोन बढेको हुन्छ भने टिएसएच घटेको हुन्छ ।' उनले यस्ता बिरामीलाई थाइराइड हर्मोन घटाउने औषधि दिनुपर्ने बताए । घाँटी दुख्दैमा थाइराइड नहुने भन्दै उनले कहिलेकाहीँ थाइराइड क्यान्सरमा परिणत हुन सक्ने बताए ।

उनले भने, 'घाँटीमा गाँठागुँठी जस्ता लाग्यो भने त्यसको अल्ट्रासाउन्ड गरेर क्यान्सर हो होइन, पत्ता लगाउनु पर्छ । कहिलेकाहीँ ट्युमरको परीक्षण गरेर पनि क्यान्सर पत्ता लगाउनुपर्छ ।' यदि क्यान्सर पहिचान भयो भने शल्यक्रिया र रेडियोथेरापी गरेर निको पार्न सकिने उनको भनाइ छ ।

पुष्पाञ्जली अस्पतालका फिजिसियन डा भोजराज अधिकारी महिलाहरुमा धेरै थाइराइडको समस्या हुने बताउँछन् । साधारणतया मानिसहरुलाई थाइराइड हर्मोन घट्ने र बढ्ने समस्या हुने जनाउँदै उनले भने, 'जब शरीरमा थाइराइड हर्मोन कम हुन्छ (घट्छ), तब टिएसएच परीक्षण गर्दा बढेर आउँछ । यसलाई हामीले घट्ने थाइराइड भन्छौँ । अथवा टी थ्री, टी फोर घटेको हुन्छ, अर्थात् नर्मलभन्दा तल हुन्छ । यस्तो थाइराइडलाई सुस्त हुने अथवा मोटाउने थाइराइड भनेर पनि चिनिन्छ ।' यसले केहीलाई थकाइ लाग्ने कसैकसैलाई खुट्टा सुन्निने, अनुहार फुस्रो हुने, कपाल झर्ने समस्या पनि आउन सक्ने उनले बताए ।

उनले भने, 'थाइराइडको समस्या छ भने दैनिक बिहान एक घुट्की पानीसँग एउटा चक्की औषधि खाएमा राम्ररी नियन्त्रणमा आउँछ ।' महिलाहरुमा प्रसूतिदेखि लिएर २५ देखि ५० वर्षको उमेरमा बढी थाइराइड देखिने उनको भनाइ छ । उनका अनुसार महिनावारी बन्द हुनेभन्दा अगाडिको समयमा थाइराइड हर्मनको धेरैजसोमा कमी देखिने गर्दछ । इन्डोक्राइमोलोजिष्ट (मधुमेह, थाइराइड र हर्मन रोग विशेषज्ञ) डा उमनाथ अधिकारी महिलाहरुमा थाइराइड बढी देखिने भन्नुको कारण अटो इम्युनिटी बढी हुने बताउँछन् । उनले पुरुषको तुलनामा अटो इम्युनिटी बढी हुने भएकाले महिलाहरुमा थाइराइड बढी देखिने बताए ।

महिलाहरुमा अटो इम्युनिटीले बाथरोगहरु धेरै देखिने भन्दै उनले पुरुषमा कम देखिने बताए । उनले भने, 'थाइराइड बढेपछि महिनावारी गडबढ हुन्छ । महिलाहरुमा अटो इम्युनिटीका कारण हर्मोनले थाइराइडको मात्रा बढी हुन्छ ।' महिलाहरुमा शरीर, दुख्ने, शरीर गल्ने र मोटाउने जस्ता लक्ष्यण थाइराइडले देखाउने उनको भनाइ छ । रासस

# सरकारी विज्ञापन विरुद्ध सभामुख र राष्ट्रियसभा अध्यक्षलाई ज्ञापन




मधेशदृष्टि
काठमाडौँ ।
सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने सरकारको निर्णयविरुद्ध आन्दोलनरत नेपाल पत्रकार महासंघले सभामुख डोलप्रसाद अर्याल र राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघले सरकारी सूचना वितरणमा विभेद अन्त्य गर्न, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न तथा श्रमजीवी पत्रकारको पक्षमा ठोस पहल गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको हो । महासंघका प्रतिनिधिहरूले सोमबार सभामुख अर्याल र राष्ट्रियसभा अध्यक्ष दाहाललाई छुट्टाछुट्टै भेट गरी सरकारको निर्णयले सञ्चार क्षेत्रलाई संकुचित बनाएको भन्दै ध्यानाकर्षण गराएका हुन् ।

राष्ट्रियसभा अध्यक्ष दाहाललाई ज्ञापनपत्र बुझाउँदै महासंघकी अध्यक्ष निर्मला शर्माले श्रमजीवी पत्रकारको हितमा सरकार गम्भीर नभएको र खर्च कटौतीको बहानामा निजी सञ्चारमाध्यमलाई पाखा लगाइएको आरोप लगाइन् । महासंघले साताव्यापी दबाब आन्दोलनबाट पनि माग पूरा नभए आन्दोलनलाई अझ सशक्त बनाउने चेतावनी दिएको छ ।

# देउवा दम्पत्तिलाई पक्राउ नगर्न सर्वोच्चको आदेश



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवालाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीशहरू महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले उनीहरूलाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

गत वैशाख १८ गते जारी अध्यादेश अनुसार, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको अनुसन्धानबाट चल्ने मुद्दाहरू विशेष अदालतमा पुग्नेछन् । तर, विशेष अदालतको साटो काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरिएको भन्दै सर्वोच्च अदालतले जिल्ला अदालतबाट जारी भएको पक्राउ पुर्जीका आधारमा उनलाई पक्राउ नगर्नू, नगराउनू भनी अन्तरिम आदेश जारी गरेको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन